नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

सार्वजनिक सुनुवाइमा सहभागी हुने सूचना

वीरगंज महानगरपालिकाले सम्पादन गरेका कार्यमा तपाईंको केही जिज्ञासा छ ? महानगरबासीका लागि भइरहेको काममा केही अपुग छ ? सिर्जनशील भएर, सचेत रहेर, महानगरसँग रचनात्मक अपेक्षा गरेर केही भन्न चाहनुहुन्छ ? सार्वजनिक सुनुवाइमा सहभागी हुनुहोस् ।

**मितिः २०८२ असार १२ गते बिहीबार**
**समयः बिहानः ८ बजे**
**स्थानः बिपिसी कलेजको नयाँ भवनको सभाहल, पानीटंकी**

सहजीकरणः
टिभी वीरगंज

● वर्ष ३ ● अंक २२४ ● २०८२ साल असार १३ गते शुक्रबार ● Friday 27, June 2025 ● सूर्योदयः बिहान ५:१३ बजे ● सूर्यास्तः साँझ ७:०३ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## बजेट पुस्तिका सार्वजनिक भएपछि

# तीव्र असन्तुष्टि, प्रदेश सभा अनिश्चित




**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारको बजेट पुस्तिका सार्वजनिक भएपछि दलहरुबीच तीव्र असन्तुष्टि देखिएको छ । सरकारमा सहभागी दल र सरकार बाहिर विपक्षमा रहेका दलहरुसमेत बजेटप्रति सन्तुष्ट छैनन् । मधेश प्रदेशमा सरकारको नेतृत्व गरिरहेको जनमत पार्टीले समेत बजेटमा विभिन्न क्षेत्रलाई उपेक्षा गर्दै बजेट ल्याएको भन्दै आक्रोश पोखेको छ । उनीहरुले सत्ता गठबन्धनमा रहेका दलहरुका मन्त्रीहरुले आआफनो क्षेत्रलाई मात्रै केन्द्रित गरेर बजेट ल्याएको भन्दै तीव्र असन्तुष्टि जनाएका छन् ।

यो असन्तुष्टिसँगै मधेश प्रदेशको प्रदेश सभा बैठक पनि अनिश्चितकालका लागि स्थगित भएको छ । सरकारको आग्रहमा बिहीबार दिउँसो १ बजे बोलाइएको बैठक सूचना जारी गर्दै अनिश्चितकालका लागि स्थगित गरिएको हो ।

प्रदेश सरकारले आर्थिक वर्ष २०८२–८३ का लागि बजेट ल्याएपछि बुधबारदेखि बजेटमाथि छलफल शुरु भएको थियो । पहिलो दिन २३ मिनेट २१ सेकेन्ड चलेको बैठकमा बजेटमाथि शुरु भएको छलफलमा भाग लिँदै जनता समाजवादी पार्टी (जसपा) नेपालका प्रमुख सचेत रामअशिष यादव र लोकतान्त्रिक समाजवादी पार्टीकी सांसद रमिता प्रधानले भाग लिएकी थिइन् । दुई जना सांसदले छलफलमा भाग लिँदै बोलेपछि सभा ुमख रामचन्द्र मण्डलले छलफल जारी नै रहेको भन्दै बैठक स्थगित गर्दै बिहीबार दिउँसो १ बजेका लागि अर्को बैठक बोलाएका थिए । तर बिहीबार बैठक शुरु नहुँदै सूचना जारी गरेर बैठक अनिश्चितकालका लागि स्थगित गरिएको छ । बजेट पुस्तिका सार्वजनिक भएपछि सामाजिक सञ्जालमा टिकाटिप्पणी हुन थालेपछि प्रदेश सभा सहज ढंगले चल्ने अवस्था नरहेकाले समेत बैठक स्थगित भएको हो । प्रदेश सभाको बैठक अनिश्चितकालका लागि स्थगित भएपछि विपक्षी दलहरु निकै आक्रोशित भएका छन् । उनीहरुले सभामुखले आफ्नो निष्पक्षताको भूमिकाबाट वञ्चित हुन खोजेको उनीहरुको आरोप छ ।

विपक्षी दलहरुले प्रदेश सभाको बैठकमा सशक्तरुपमा प्रस्तुत हुने तयारी गरिरहेको अवस्थामा बैठक स्थगित गरिएको हो । मधेश प्रदेशमा सरकारको नेतृत्व गरिरहेको जनमत पार्टीका केन्द्रीय अध्यक्ष एवम् प्रतिनिधि सभा सदस्य डा. चन्द्रकान्त राउत (सिके राउत) ले आफ्नो सामाजिक सञ्जालको सचिवालय पेजमा बुधबार राति नै मधेश प्रदेशको बजेटमाथि विरोध गर्दै नकारात्मक टिप्पणी गरेपछि पार्टीभित्रका असन्तुष्टि सतहमा आएको हो । राउतको टिप्पणीपछि जनमत पार्टीका नेताहरु नेपाली कांग्रेस र नेकपा एमालेप्रति निकै आक्रामकरुपमा प्रस्तुत भएका छन् ।

राउतको सचिवालय पेजमा मधेश सरकारको वार्षिक कार्यक्रम २०८२–८३ (रेडबुक) आएको उल्लेख गर्दै जनमत पार्टीले लिएको नीति, सिद्धान्त र 'भिजन' बाट हामी वञ्चित भएको आभाष भएको बताएका थिए । पेजमा लेखिएको थियो, 'जनमत पार्टीका अधिकांश योजना परेका छैनन्, न त पार्टीले राखेका गौरवका योजनाहरू–भिजनरी कार्यक्रमहरू नै परेको छ ।'

बिचौलिया वा अन्य पार्टीका माध्यमबाट राखिएका कार्यक्रममा २५–५० लाख, दुई करोड, चार करोड रुपैयाँ बजेट राखिएको छ भने जनमत पार्टीले सिफारिस गरेका कार्यक्रम परिहाले पनि पाँच–पाँच लाख रुपैयाँ बजेट छुट्टयाइएको भन्दै आफ्नै प्रदेश सरकारको बजेटमा जनमत पार्टीले पेजमा आलोचनात्मक टिप्पणी गरेको हो ।

पहिलो दिनको बैठक शुरु हुनुअघि कार्य व्यवस्था परामर्श समितिको बैठक बसेर असार २२ गतेसम्मका लागि कार्यसूची तय भएको थियो । तर सभामुख मण्डलले अचानक बैठक अनिश्चितकालका लागि स्थगित गरेर सरकारको कठपुतली बनेको जनता समाजवादी पार्टी (जसपा) नेपालमा प्रमुख सचेतक रामआशिष यादवले आरोप लगाए ।

उनले असन्तुलित बजेट निर्माण गरेकाले समेत सरकारको आलोचना हुने भएपछि प्रदेश सभाको बैठक नै स्थगित गरिएको आरोप लगाए । उनले सरकार र सभामुखको कामप्रति आपति जनाउँदै अब हुने बजेटमाथिको छलफल बहिष्कार गर्ने बताए । उनले विगतमा समेत सभामुखले आफनो दायित्वबाट विमुख भएको बताउँदै यसपटक समेत यस्तै अवस्था देखिएको बताए । बिचौलियालाई प्राथमिकता दिएर बजेट ल्याइएपछि यस्तो अवस्था सिर्जना भएको उनको भनाइ छ ।

नेकपा एकीकृत समाजवादीका प्रमुख सचेतक कनिस पटेलले सभामुख र सरकारले एकसाथ गलत रबैया अपनाएको भन्दै आपत्ति जनाए । सभामुख संसदीय अभ्यासविपरीत सदनलाई कसैको इसारामा बन्दी बनाउने कार्यमा उदत भएको उनले तर्क गरे । 'नियमित सत्र सरकारले रोक्न पाउँदैन,' उनले भने, 'अधिवेशन शुरु र अन्त्य मात्रै सरकारले गर्न सक्छ ।'

## पाँच दल बजेट छलफलमा नजाने



मधेश प्रदेशको आगामी आर्थिक वर्षको बजेटलाई लिएर सरकारको नेतृत्वकर्ता दल जनमत पार्टी नै असन्तुष्ट भएर सरकार नै छाड्नेसम्मको चर्चा भइरहँदा विपक्षी दलहरुले पनि बजेटको छलफलमै सहभागी नहुने निर्णय गरेको छ ।

बिचौलियाको स्वार्थमा रेडबुकममा बजेट राखिएको भन्दै पाँच विपक्षी दलले संयुक्तरुपमा सदनको बैठकमा सहभागी नहुने निर्णय गरेको माओवादीका प्रदेश सांसद युवराज भट्टराईले जानकारी दिए ।

उनका अनुसार बिहीबार बसेको विपक्षी मोर्चाको बैठकले बजेटमा बिचौलियाको प्रवेश भएको ठहर गरेको छ । त्यसकारण बजेटको बारेमा हुने कुनै पनि छलफलमा नजाने विपक्षी मोर्चाको निर्णय गरेको उनले बताए ।

मधेश सभामा विपक्षी मोर्चामा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी नेपाल, राप्रपा र नेपाल संघीय समाजवादी पार्टी छन् । सत्ताको नेतृत्वकर्ता दल र प्रतिपक्षले समेत बजेटको विषयमा विरोध जनाउन थालेपछि प्रदेशसभाको बैठक अर्को सूचना प्रकाशन नहुँदासम्मका लागि स्थगित भएको प्रदेश सभा सचिवालयले जनाएको छ । प्रदेश सभामुख रामचन्द्र मण्डलले सरकारको आग्रहमा सदनको बैठक स्थगित गरिएको बताए । उनले भने, 'बिहीबार दिउँसो १ बजेदेखि सदनको बैठक थियो, तर बजेटको विषयलाई लिएर धेरै विवाद हुन थाल्यो । यही कारण प्रदेश सरकारले बैठक रोक्न आग्रह गऱ्यो । सोही आग्रह बमोजिम अर्को सूचना नआउञ्जेलसम्मका लागि बैठक स्थगन गरिएको छ ।' मधेश प्रदेश सरकारले १ असारमा ४६ अर्ब भन्दा बढीको बजेट ल्याएको थियो ।

## मुख्यमन्त्रीको सल्लाहमै बजेटः यादव

नेपाली कांग्रेस, मधेश प्रदेश संसदीय दलका नेता कृष्ण प्रसाद यादवले मुख्यमन्त्री आफैँ विभिन्न मन्त्रालयल पुगेर योजना गराउने कार्य गरेको बताउँदै अहिले आएर नेपाली कांग्रेस र एमालेमाथि दोष लगाउनु गलत भएको बताए । उनले कांग्रेसको भागमा अन्य मन्त्रालयसँग अर्थ मन्त्रालयसमेत रहेको र अर्थबाट एउटा पनि योजना इन्ट्री नभएको बताए । उनले भने, 'सरकारको नेतृत्व गर्ने मुख्यमन्त्रीको पार्टीले अरु पार्टीले यस्तो गर्‍यो, उस्तो गर्‍यो भन्नु गलत हो ।' उनले भने, 'मुख्यमन्त्रीजी आफैँ बसेर बजेट बनाउनु भएको हो, मन्त्रालय–मन्त्रालयमा गएर यो राख, त्यो राख भनी आफैँ सबै इन्ट्री गराउनु भएको थियो । अहिले आएर हामीले केही पाएनौँ भनेर हुन्छ ?' उनले जनमत पार्टीका नेता मुख्यमन्त्री, पार्टी अध्यक्षहरूले झुटबोलिरहेकोप्रतिक्रियादिए ।

## जनमतकै असन्तुष्टिः

# कांग्रेस–एमालेको साक्षीकिनारामा सीमित



मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि ल्याएको बजेट विवादित बनेको छ । नेपाली कांग्रेस र नेकपा एमालेका मन्त्रीहरुले आआफ्नो क्षेत्रमा बढी बजेट राखेको र जनमतले जितेको प्रदेश सभा क्षेत्रमा सन्तोषजनक बजेट विनियोजन नगरेका कारण पार्टीभित्रै प्रदेश सभा सदस्यहरुको असन्तुष्टि चुलिएको छ । उनीहरुले सरकारको नेतृत्व गर्दासमेत नेपाली कांग्रेस र नेकपा एमालेको चेपुवामा परेको जनाएका छन् ।

जनमत संसदीय दलका नेता महेशप्रसाद यादवले बिहीबार बसेको दलको बैठकले तीन वटा निर्णय गरेको बताए । उनले रेडबुकमा आफ्नो पार्टीका सांसद तथा मन्त्रीहरुले सिफारिस गरेको योजना कटौती गरेको हुनाले पार्टी केन्द्रीय कार्यालयलाई जानकारी दिने, प्रदेशसभा बैठक कुन कारणले अनिश्चितकालका लागि स्थगित भएकोबारे बुझ्न मधेस प्रदेश सभामा पत्र पठाउने र बजेट संशोधनका लागि माग गर्ने निर्णय भएको बताए । उनले आफूहरु नेपाली कांग्रेस र एमालेको साक्षीकिनारा मात्रै भएको भन्दै यस विषयमा पार्टीको सचिवालयलाई सविस्तार जनाकारी गराउनेसमेत निर्णय भएको छ ।

यादवले सार्वजनिक भएको कार्यक्रम पुस्तिका (रेड बुक)मा व्यापक फेरबदल गरिएको गुनासो गरे । यादवले नेपाली कांग्रेस र नेकपा एमालेलाई बजेट फेरदबलको दोष दिए । मधेश सरकारको नेतृत्व जनमत पार्टी गरिरहेको छ भने जनमतका सांसद सतिश कुमार सिंह मुख्यमन्त्री हुन् । अर्थमन्त्री भने नेपाली कांग्रेसका सुनिल कुमार यादव हुन् ।

गृह, सञ्चार तथा कानून मन्त्री एवम् सरकारका प्रवक्ता राजकुमार लेखीले जुन हिसाबले नीति तथा कार्यक्रम आयो, त्यो आधारमा बजेट नआएको स्वीकार गरे । उनले यस विषयमा एक–दुई दिनमा छलफल हुने भन्दै गठबन्धनको बैठक आवश्यक रहेको र त्यो बैठकबाट सत्य तथ्य बाहिर आउने बताए ।

## जनमतको केन्द्रीय सचिवालय आइतबार

मधेश प्रदेशमा सरकारको नेतृत्व गरिरहेको जनमत पार्टीले कांग्रेस र एमालेका कारण जनमुखी बजेट आउन नसकेको भन्दै यस विषयमा छलफल गर्न आइतबार पार्टीको सचिवालयले बैठक बोलाएको छ । बैठकमा मधेश प्रदेशको बजेट, मुलुकको समसामयिक राजनीतिक विषयमा समेत छलफल हुने छ । जनमतका प्रवक्ता डा. शरदसिंह यादवले सचिवालय बैठक तय भएको र सोही बैठकले सरकारसहितका समग्र विषयमा आवश्यक छलफल र निर्णय लिने जानकारी दिए । आफूहरु सरकारको नेतृत्व गरिरहेको भए पनि सरकारले बजेट ल्याउँदा समेत कांग्रेस र एमालेको हस्तक्षेप देखिएको र जनमुखी बजेट आउन नसकेको उनको आरोप छ ।

# गहवामाईमा आज रथयात्रा



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको प्रमुख शक्तिपीठ गहवामाई मन्दिर पुनर्निर्माण भएको १३औँ वर्ष पूरा भएको उपलक्ष्यमा शुक्रबार (आज) 'गहवामाई रथयात्रा' निकालिदैँछ । यात्रालाई सुरक्षित र व्यवस्थित बनाउन सुरक्षा निकायले शहरभर 'हाइ अलर्ट' जारी गरेका छन् । हिन्दू धर्मावलम्बीका लागि आस्था र श्रद्धाको केन्द्र मानिने गहवामाईको रथयात्रामा दशौँ हजार श्रद्धालु सहभागी हुने अपेक्षा गरिएको छ ।

रथयात्रा वीरगंजको मुख्य चोकहरू, बजार र बस्ती हुँदै नगर परिक्रमा गर्नेछ । यात्राको क्रममा कुनै अप्रिय घटना नहोस् भनेर जिल्ला प्रशासन कार्यालय पर्साले विशेष सुरक्षा योजना लागू गरेको छ । सशस्त्र प्रहरी, नेपाल प्रहरी र ट्राफिक प्रहरीसहित बढी मात्रामा सुरक्षाकर्मी परिचालन गरिने जानकारी दिइएको छ । यात्राका लागि आवश्यक ट्राफिक व्यवस्थापन मिलाइएको र अत्यावश्यक सेवाबाहेकका सवारी साधनलाई वैकल्पिक मार्ग प्रयोग गर्न आग्रह गरिएको छ ।

स्थानीय प्रशासन र आयोजक समितिले श्रद्धालुलाई शान्तिपूर्ण, अनुशासित र धार्मिक मर्यादा कायम गरी यात्रा सहभागी हुन आग्रह गरेका छन् । रथयात्राले नगरका विभिन्न स्थानको परिक्रममा गर्ने र पुन मन्दिर प्रांगणमा फर्किएर समापन हुने तथा शुक्रबार नै साँझ मन्दिर प्रांगणमा धार्मिक भजनकिर्तन आयोजना गरिने उनले बताए ।

यस्तै शनिबार साँझ मन्दिर प्रांगणमै रथयात्राको प्रसाद वितरणका लागि 'महाभण्डारा'पनि आयोजना गरिने जानकारी अध्यक्ष श्याम पोखरेलले दिए । 'गहवामाई रथयात्रा' यात्राका लागि वीरगंज महानगरपालिकाले महानगरमा रहेका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शुक्रबार बिदा दिएको छ ।

# नाटकिय ढंगबाट फरार भएका कैदी ५८ दिनपछि पक्राउ



**मधेशदृष्टि**
**सप्तरी ।**
राजविराज कारागारबाट नाटकिय ढंगबाट फरार भएका एक कैदी ५८ दिनपछि पक्राउ परेका छन् । पक्राउ पर्नेमा सप्तरीको शम्भुनाथ नगरपालिका–११ बस्ने रमानन्द मण्डल छन् । चोरी मुद्दामा २०८१ साल पुष ६ गतेदेखी पूर्पक्षका लागि राजविराज कारागारमा बन्दी जीवन बिताइरहेका ३५ वर्षीय मण्डल गत बैशाख १५ गते मध्यराती कारागारबाट नाटकिय ढंगले फरार भएका थिए । कारागारबाट कैदी भाग्दा सुरक्षाको विषयलाई लिएर स्थानीयले प्रश्न उठाइरहेका बेला प्रहरीले बुधवार साँझ मण्डललाई आफ्नै गाउँघरमा लुकिछिपी बसेको अवस्थामा पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता नायब उपरिक्षक जितेन्द्र कुमार वस्नेतले जानकारी दिए । बैशाख १५ गते मध्यराती वर्षासंगै चटयाँग परेका वेला पर्खालमाथी निगरानीका लागी खटिएका सुरक्षाकर्मी ओत लागेको मौका छोपी बेञ्च र टेवललाई जोडेर सिढी बनाई मण्डल फरार भएको जेल प्रशासनले जनाएको थियो । पक्राउ परेका मण्डललाई कारागार ऐन २०७९ अनुसार कारागारबाट भागेको कसुरमा समेत बिहीवार सप्तरी जिल्ला अदालतबाट ५ दिनको म्याद लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# घाँटी रेटेर युवकको हत्या



**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीको डाक्रेश्वरी नगरपालिका–८ का राजकुमार खंगको हत्या भएको छ । छेदीलाल खंगका ३२ बर्षीय छोरा राजकुमारको हत्या गरि फालिएको अवस्थामा बिहीबार विहान डाक्रेश्वरी नगरपालिका–८ र राजगढ गाउँपालिकाको बीच सिमास्थित एक पोखरी किनारमा शव फेला परेको हो । जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायव उपरीक्षक जितेन्द्र कुमार बस्नेतले राजकुमारको घाँटीमा धारिलो हतियार प्रयोग गरि हत्या गरिएको प्रारम्भिक अनुसन्धानमा देखिएको बताए । उनको हत्या रातीको समयमा गरिएको अनुमान गरिएको छ । मृतकको शव पोष्टमार्टमका लागि स्थानिय गजेन्द्रनारायण सिंह अस्पताल पुर्याइएको छ । उनले हत्यामा संलग्नको खोजी कार्य तिव्र बनाइएको बताए । यस क्रममा बिहीबार नै घट्नास्थलमा डग स्क्वाड (तालिम प्राप्त कुकुर) को समेत प्रयोग गरिएको छ । मृतक स्थानियस्तरका कलाकार थिए ।

# महिला क्रिकेट लिगको दोस्रो दिन खडक क्वीनलाई सफलता




**मधेशदृष्टि**
**सप्तरी ।**
राजविराजमा जारी मेयरकप सप्तरी महिला प्राईड लिग टि–ट्वान्टी क्रिकेट प्रतियोगिताको बिहीबार भएको खेलमा खडक क्वीन विजयी भएको छ । प्रतियोगिता अन्तर्गत दोस्रो दिनको खेलमा खडक क्वीनले सुरुङ्गा सरभाईबल्सलाई ५८ रनले पराजित गरेको हो । टस जितेर खडक क्वीनले निर्धारित २० ओभरको खेलमा ५ विकेट गुमाएर १ सय ४१ रनको योगफल खडा गरेको थियो । जसमा ममता चौधरीले उत्कृष्ट ब्याटिंग गर्दै ६८ रनको योगदान दिइन् । अर्का ब्याट्सम्यान मोनिका साहले ३७ रनको योगदान गरिन् । बलिंगतर्फ सुरुङ्गा सरभाईबल्सकी दिपा राम २ तथा रोजी खत्री, सानू राजबंशी र सरस्वती चौधरीले १/१ विकेट लिएकी थिइन् । जवाफमा १ सय ४२ रनको लक्ष्य लिएर मैदानमा ओर्लेको सुरुङ्गा सरभाईबल्सले १६ दश्मलव १ ओभरमासबै बिकेट गुमाएर ८३ रन मात्र जोडन सक्यो । जसमा रोमा थापा ३७ र साना परविनले १८ रनको योगदान दिइन् । उक्त खेलको प्लेयर अफ दि म्याच ममता चौधरी घोषित भइन् ।

# आम सांस्कृतिक मोर्चाको पहिलो भेला सम्पन्न

**मधेशदृष्टि**
**रौतहट ।**
आम जनता पार्टी (आजपा) निकटको आम सांस्कृतिक मोर्चाको मधेश प्रदेश स्तरीय पहिलो भेला रौतहटको मौलापुर पार्कमा सम्पन्न भएको छ ।
'आम प्रगतिवादी सांस्कृतिकर्मीहरू एक होऔं' भन्ने नाराका साथ आयोजित भेलामा मधेश प्रदेशका आठवटै जिल्लाबाट सयौं कलाकारहरूको उल्लेख्य उपस्थिति रहेको थियो । भेला मधेश प्रदेश अध्यक्ष दिपलाल यादवको अध्यक्षतामा सम्पन्न भएको हो । भेलाका प्रमुख अतिथि आजपा अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले कलाकारहरूको हकहितका लागि एकजुट भएर संघर्ष गर्नुपर्नेमा जोड दिंदै प्रगतिशील सांस्कृतिकर्मीहरूलाई संगठित हुन आह्वान गरे । भेलाले कलाकारहरूका लागि पेन्सन र बिमा व्यवस्था सुनिश्चित गर्न तथा योग्यताअनुसार राज्यबाट उचित सुविधा दिलाउन संघर्ष गर्ने निर्णय गरेको छ ।

# लागूऔषधसहित दुई युवक पक्राउ

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको ब्रह्मपुरी गाउँपालिका–४ स्थित त्रिभुवन नगर प्रहरी चौकी अगाडिको सडकबाट लागूऔषधसहित दुई जना युवक पक्राउ परेका छन् ।
प्रहरीले विशेष चेकजाँचका क्रममा उनीहरूलाई नियन्त्रणमा लिएको हो । बिहीबार दिउँसो करिब १ बजे मधेश प्रदेश ०३–००१ ह २२२१ नम्बरको यात्रुबाहक ट्याम्पो त्रिभुवन नगर बजारबाट भेल्हीतर्फ जाँदै गरेको बेला प्रहरीले उक्त ट्याम्पोलाई रोकी चेकजाँच गरेको थियो । ट्याम्पोमा सवार यात्रुहरूको चेकजाँच गर्दा चितवन भरतपुर महानगरपालिका–२४ का १९ वर्षीय अनीश बिक र धन बहादुर परियारका १९ वर्षीय छोरा सन्देश परियारको साथबाट ठुलो परिमाणमा लागू औषध बरामद गरिएको सर्लाही प्रहरी प्रवक्ता डिएसपी सरोज कुमार राईले जानकारी दिए ।

# कार दुर्घटनामा युवक घाइते

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका–१६ स्थित इनर्वा बाइपास रोडमा बिहीबार बिहान एक कार डिभाइडरमा ठोक्किँदा दुर्घटना भएको छ । बसपार्कबाट वीरगंज भन्सारतर्फ जाँदै गरेको प्रदेश ३–०१–०२४ च–७६३९ नम्बरको कार तीव्र गतिका कारण अनियन्त्रित भई सडकको डिभाइडरमा ठोक्किएको थियो । प्रत्यक्षदर्शीका अनुसार कार अत्यन्त तीव्र गतिमा रहेकाले चालकले सन्तुलन गुमाउँदा दुर्घटना भएको हो । दुर्घटनापछि इनर्वा गाउँस्थित अस्थायी प्रहरी चौकीका प्रहरी सहायक निरीक्षक संजय यादवको नेतृत्वमा खटिएको टोलीले तत्काल उद्धार गरेको थियो ।
कार चालक वीरगंज महानगरपालिका–१५ ब्रह्म चौक निवासी अन्जन दास सकुशल रहेको प्रहरीले जनाएको छ । हाल घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरी सहायक निरीक्षक यादवले जानकारी दिए ।

# ब्राउन सुगरसहित दुई भारतीय नागरिक पक्राउ

**मधेशदृष्टि**
**सिरहा ।**
भारतबाट लागुऔषधसहित नेपाल प्रवेश गरेका दुई जना भारतीय नागरिकलाई सिरहा प्रहरीले नियन्त्रणमा लिएको छ । सिरहाको दक्षिणी सीमावर्ती क्षेत्र भगवानपुर गाउँपालिका–४ स्थित ठाँडी बजारमा चेकजाँचका क्रममा उनीहरूलाई ब्राउन सुगरसहित पक्राउ गरिएको हो । प्रहरीका अनुसार बीआर ३२ एडी ६९९३ नम्बरको भारतीय सवारीसाधनमा सवार दुई भारतीय नागरिकलाई शंका लागेपछि जाँच गरिएको थियो । जाँचका क्रममा तिनको साथबाट ४० ग्राम ब्राउन सुगर बरामद भएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता डिएसपी वीरेन्द्रकुमार पासवानले जानकारी दिए । पक्राउ पर्नेमा भारतको बिहार राज्य, मधुबनी जिल्लाको झौरा पथराही ग्रामपञ्चायतका ४० वर्षीय रामनारायण साह र गोईत प्रसाही ग्रामपञ्चायतका २७ वर्षीय राजन बाबु साह रहेको प्रहरीले जनाएको छ । हाल उनीहरूलाई सिरहा जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गराई लागुऔषध कारोबारसम्बन्धी मुद्दामा अनुसन्धान थालिएको डिएसपी पासवानले बताए । सिरहाको सीमावर्ती क्षेत्र हुँदै लागुऔषध ओसारपसार हुनेक्रम बढ्दो छ । प्रहरीले सीमाक्षेत्रमा निगरानी कडा बनाउँदै चेकजाँच अभियानलाई तीव्र बनाएको जनाएको छ ।




# लागूऔषध दुरुपयोग विरुद्धको अन्तर्राष्ट्रिय सप्ताह: बारामा जनचेतनामूलक कार्यक्रम सम्पन्न



**राहुल गुप्ता**
**बारा ।**
बाराको जितपुर सिमरा उपमहानगरपालिका–३ रामवनस्थित रोज एकेडेमीको प्राङ्गणमा बिहीबारबाट एक साता लामो लागूऔषध प्रयोग तथा ओसारपसार विरुद्धको अन्तर्राष्ट्रिय सप्ताहको अवसरमा जनचेतनामूलक कार्यक्रम आयोजना गरिएको छ । कार्यक्रममा रोज एकेडेमीका विद्यार्थी, अभिभावक, स्थानीय युवा लगायत करिब २ सय जनाको उपस्थिति रहेको थियो । कार्यक्रममा लागूऔषध प्रयोगबाट व्यक्तिको स्वास्थ्य, सामाजिक र पारिवारिक जीवनमा पर्ने नकारात्मक प्रभावबारे विशेष जानकारी प्रदान गरिएको थियो । कार्यक्रममा विशेष अतिथिका रूपमा जिल्ला प्रहरी कार्यालय बाराका कार्यालय प्रमुख उपस्थित भई सहभागीहरूलाई सचेतनामूलक प्रशिक्षण प्रदान गरे । उनले युवा पुस्ता लागूऔषधको चपेटामा पर्नु वर्तमान समाजका लागि गम्भीर चुनौती रहेको उल्लेख गर्दै सामूहिक प्रयासबाट मात्र यसको रोकथाम सम्भव हुने धारणा व्यक्त गरे । कार्यक्रममा जितपुर सिमरा उपमहानगरपालिकाका उपप्रमुख, वडा नं. ३ का वडा अध्यक्षको समेत उपस्थिति रहेको थियो । दुबै अतिथिहरूले यस्तो कार्यक्रमले समुदायमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरेका थिए । समुदायमा लागूऔषधविरुद्धको चेतना अभिवृद्धि गर्दै युवाहरूलाई सही मार्गदर्शन प्रदान गर्नु कार्यक्रमको उद्देश्य रहेको आयोजकले बताएको छ ।

# पर्सामा लागुऔषध दुर्व्यसनीविरुद्ध जनचेतना अभियान

**वीरगंज ।**
खुला सिमानाका कारण लागुऔषध ओसारपसार तथा सेवन रोक्ने उद्देश्यले पर्सामा तीन महिने चेतनामूलक अभियान बिहीबार समापन गरिएको छ ।
जिल्ला प्रशासन कार्यालय पर्साको अगुवाइमा जिल्लाभरी विभिन्न खालका जनचेतनामूलुक कार्यक्रम आयोजना गरिएका थिए । पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले तीन महिने लागुऔषध दुव्र्यसनी रोकथाम तथा नियन्त्रणसम्बन्धी तीन महिने सचेतनामूलुक कार्यक्रमले केही हदसम्म भए पनि लागुऔषधसम्बन्धी जनचेतना र जागरण फैलाउनलाई सहयोग गरेको बताए ।
'यस्ता रचनामूलुक कार्यक्रम निरन्तर रुपमा भइराख्न जरुरी हुन्छ,' उनले भने, 'यो शुरुवात मात्रै हो ।' प्रत्येक वर्ष लागुऔषध दुव्र्यसनी रोकथाम तथा नियन्त्रणसम्बन्धी दिवस जुन २६ तारिखका दिन मनाउने गरिन्छ ।
सो अभियान गत चैत २७ गते पर्साका १४ वटै पालिकाका प्रमुख, उपप्रमुखको उपस्थितिमा शुरुवात गरिएको थियो ।
पर्सा प्रहरीको हिरासतमा रहेकामध्ये दुई तिहाई लागूऔषध दुव्र्यसनी कसुरका व्यक्ति हिरासतमा रहने गरेका छन् ।



# एनवाईईएफ जनकपुर च्याप्टरको ५औं साधारण सभा सम्पन्न



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपालिज याङ्ग इन्टरप्रेनियर्स फोरम (एनवाईईएफ) जनकपुर च्याप्टरको ५औं वार्षिक साधारण सभा भव्य समारोहबीच सम्पन्न भएको छ । कार्यक्रममा संस्थाको नेतृत्व हस्तान्तरणसँगै नयाँ कार्यसमितिको गठन गरिएको छ भने आगामी कार्यकालमा नव–उद्यमशीलता, नेतृत्व विकास र स्टार्टअप प्रवद्र्धनलाई प्राथमिकतामा राखिने प्रतिबद्धता व्यक्त गरिएको छ । जनकपुरधाममा आयोजित समारोहमा निवर्तमान अध्यक्ष डा. सोनु कुमारले संस्थाको औपचारिक अध्यक्षता चार्टर एकाउन्टेन्ट (सीए) राजीव कुमार रौनियारलाई हस्तान्तरण गरे । नेतृत्व हस्तान्तरण कार्यक्रममा एनवाईईएफ राष्ट्रिय गभर्निङ काउन्सिलका अध्यक्ष कुशल सुन्दर श्रेष्ठ प्रमुख अतिथि थिए । उनले जनकपुर च्याप्टरको विगतको गतिशील र रचनात्मक कार्यको प्रशंसा गर्दै आगामी कार्यकालमा अझ नवप्रवर्तनशील दृष्टिकोणबाट अघि बढ्न सुझाव दिए । श्रेष्ठले भने, ‘जनकपुर च्याप्टरले विगतका वर्षमा जुन प्रकारको संस्थागत ऊर्जा र उद्यमशील गतिविधि प्रस्तुत गर्यो, त्यो अन्य च्याप्टरहरूका लागि पनि प्रेरणादायी छ । आगामी दिनमा जनकपुर उद्यमशीलता, नवप्रवर्तन र नेतृत्व विकासको गन्तव्य बन्ने विश्वास लिएको छु ।’ कार्यक्रममा संस्थाको स्थापनादेखि नेतृत्वदायी भूमिकामा रहेर सशक्त संस्थागत विकासमा योगदान पुर्याउने डा. सोनु कुमारप्रति विशेष कृतज्ञता प्रकट गरिएको थियो । उनले आफ्नो कार्यकालमा जनकपुर च्याप्टरलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्जालसँग जोड्न, नव–उद्यमीहरूको क्षमता अभिवृद्धिमा केन्द्रित कार्यक्रम सञ्चालन गर्न सफल नेतृत्व प्रदान गरेका हुन् । नव–निर्वाचित अध्यक्ष सीए. राजीव कुमार रौनियारले संस्थाको भावी योजनाबारे धारणा राख्दै भने, ‘जनकपुरको उद्यमशील ऊर्जा अझ प्रकट गर्ने, नव उद्यमीहरूलाई आवश्यक तालिम, नेटवर्किङ र लगानी पहुँच दिलाउने र स्टार्टअप इकोसिस्टममा योगदान पुर्याउने खालका कार्यक्रम सञ्चालन गर्ने हाम्रो योजना छ ।’ ५औं साधारण सभाबाट नव–निर्वाचित कार्यसमितिको अध्यक्षमा सीए. राजीव कुमार रौनियार, प्रथम उपाध्यक्ष नविन कुमार साह, द्वितीय उपाध्यक्ष दिपक कुमार शर्मा, निवर्तमान अध्यक्ष (आइपीपी) डा. सोनु कुमार, कार्यसमिति सदस्यमा प्रियांशु साह, सुमित गुप्ता, सञ्जु नायक, विशाल कुमार साह, जय कुमार साह, शिव रतन साह रौनियार र निखिल साह रहेका छन् । नयाँ कार्यसमितिले आगामी वर्षलाई ’युवा उद्यमशक्ति र नवप्रवर्तनको अभियान’ वर्षका रूपमा मनाउने घोषणा गरेको छ । संस्थाले प्रदेश तथा स्थानीयस्तरमा स्टार्टअप सम्मेलन, उद्यमी तालिम, लिडरशिप क्याम्प र इन्भेष्टर मिटजस्ता गतिविधिहरू सञ्चालन गर्ने योजना बनाएको छ । साथै, एनवाईईएफ जनकपुरले स्थानीय निकाय, व्यापार संघसंस्था, अन्तर्राष्ट्रिय विकास साझेदार तथा शिक्षा क्षेत्रसँग सहकार्य गर्दै युवा उद्यमशीलता प्रवद्र्धनमा दीर्घकालीन रणनीति ल्याउने तयारी गरिरहेको अध्यक्ष रौनियारले जानकारी दिए ।

# नेपाली काँग्रेसको मधेश प्रदेशको बैठकबाट महत्वपूर्ण निर्णय




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली काँग्रेस मधेश प्रदेश कार्य समितिको बैठकबाट महत्वपूर्ण निर्णयहरु गरिएको छ ।
काँग्रेसको केन्द्रीय कार्यालयको नीति अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानद्वारा विरगंजमा असार १३–१४ गते हुन गइरहेको प्रशिक्षक प्रशिक्षण कार्यक्रमलाई भव्य रुपमा सफल पार्न मधेश कार्य समितिले निर्णय गरेको हो । मधेश प्रदेशको जनकपुरधामस्थित कार्यालयमा पार्टीका मधेश प्रदेश सभापति एवम् संसदीय दलका नेता कृष्णप्रसाद यादवको अध्यक्षतामा बसेको बैठकमा प्रदेश स्तरिय विभिन्न तहको प्रशिक्षण कार्यक्रममा प्रशिक्षक हुनका लागि पार्टीप्रति प्रतिबद्ध, प्रभावकारी प्रस्तुती गर्न सक्ने योग्यता र क्षमता भएका व्यक्तिलाई समावेश गर्ने, प्रदेश प्रशिक्षण विभागको निर्णय अनुसार प्रशिक्षकको रुपमा समय दिन सक्ने हरेक प्रतिनिधि सभा निर्वाचन क्षेत्रबाट कम्तीमा १ जना महिलासहितको ४ जना, प्रदेश सभा निर्वाचन १ र २ बाट कम्तीमा १÷१ जनापर्ने गरी समावेशी सहभागीता गराउने निर्णय गरिएको जनाइएको छ ।
उक्त प्रशिक्षण कार्यक्रममा १३० देखि १५० जनासम्मको सहभागिता गराउने लक्ष्य लिएको तथा भातृ संगठनहरुको प्रमुखलाई अनिवार्य रुपमा उपस्थिति गराइने समेत केन्द्रीय सर्कुलरलाई अक्षरशः पालना गर्ने गराउने निर्णय भएको नेपाली काँग्रेस मधेश प्रदेश प्रचार विभाग प्रमुख नितेशकुमार गुप्ताले जानकारी दिए । उक्त बैठकमा पार्टीका उपसभापति विरेन्द्र सिंह, प्रशिक्षण विभाग प्रमुख चन्द्रशेखर यादवसहित प्रदेश कमिटीका पदाधिकारीहरुको उपस्थिति रहेको विभागीय प्रमुख गुप्ताले बताए ।

# रौतहटको मर्यादपुरमा छुरा प्रहारबाट एक जना घाइते



**राकेश यादव**
**रौतहट ।**
रौतहट जिल्लाको मौलापुर नगरपालिका वडा नम्बर–१ मर्यादपुरमा एक युवकमाथि छुरा प्रहार गरिएको छ । बिहीवार बिहान करिब ६ बजेको समयमा घटना भएको हो । स्थानीय फतुवा विजयपुर नगरपालिका वडा नम्बर–२ शितलपुर निवासी रुदल राय यादवको छोरा ३० वर्षीय सुजित राय यादवले छुरा प्रहार गर्दा मौलापुर नगरपालिका वडा नम्बर–१ मर्यादपुरका मोहन राय यादवका ३० बर्षीय छोरा राम बहादुर राय यादव घाइते भएका छन् । जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायव उपरिक्षक दिपक रायले घटनाको पुष्टि गर्दै घटनामा प्रत्यक्ष संलग्न रहेको सुजित कुमार यादवलाइ पक्राउ गरिएको बताए । बिहान मर्यादपुर चौकमा दुवै जनाबीच विवाद हुँदा सुजितले पहिलादेखि साथमा लिएर आएको चाकु राम बहादुरको छातीमा हानेको बुझिएको छ । घाइतेलाई उपचारको लागि पठाइएको छ भने आरोपितलाई हिरासतमा राखेर थप अनुसन्धान अगाडी बढाइएको प्रहरीले जनाएको छ ।

# एमालेले कांग्रेसलाई कमजोर बनाउने प्रयास गर्यो : महर

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा शिक्षा विभाग प्रमुख नैनसिंह महरले सरकारको नेतृत्व गरिरहेको नेकपा एमालेले कांग्रेसलाई कमजोर बनाउने प्रयास गरिरहेको आरोप लगाएका छन् । नेपाल प्रेस युनियन पर्साले बिहीबार वीरगंजमा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै उनले सरकार बनेको एक वर्ष बितिसक्दा पनि जनतामा उत्साह जगाउने काम गर्न नसकेको बताए । महरले कांग्रेस पनि सरकारमा सहभागी भए पनि एमालेको मात्रै हालीमुहाली भएको र कांग्रेस निरीह बन्न पुगेको गुनासो गरे । महरले वर्तमान सरकारले मधेश प्रदेशसँग बजेटको बाँडफाँडमा विभेदपूर्ण व्यवहार गरेको आरोप पनि लगाए । उनले राजनीतिक दलका नेता–कार्यकर्ता इमान्दार र चरित्रवान भए मात्रै सरकार जनहितमा काम गर्न सक्ने भन्दै सबै दलभित्र शुद्धिकरण आवश्यक रहेको धारणा राखे । पत्रकार सम्मेलनमा वीरगंज महानगरका उपमेयर इम्तियाज आलम, कांग्रेसका पूर्व क्षेत्रीय सभापति विजय सर्राफ, प्रेस युनियनका केन्द्रिय सदस्य श्रीराम रायमाझी, मधेश प्रदेश लेखा समिति सदस्य तथा पत्रकार महासंघ पर्साका सदस्य राहुल गुप्ता लगायतको सहभागिता रहेको थियो ।

# पर्साका तीन पालिकाले ल्याएनन् बजेट

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लाका १४ मध्ये ३ वटा पालिकाले निर्धारित समयमा बजेट र नीति तथा कार्यक्रम ल्याउन सकेका छैनन् । हरेक पालिकाले असार १० गतेभित्रै आगामी आर्थिक वर्षका लागि बजेट र नीति तथा कार्यक्रम ल्याइसक्नुपर्ने कानूनी प्रावधान छ । तर, पर्साका १४ मध्ये तीन वटा पालिकाले भने कानूनको धज्जी उडाउँदै निर्धारित समयमा बजेट र नीति तथा कार्यक्रम सार्वजनिक गरेका छैनन् । निर्धारित समयमा बजेट र नीति तथा कार्यक्रम ल्याउन नसक्ने पर्साका पालिकाहरुमा छिपहरमाई गाँउपालिका, बिन्दवासिनी गाँउपालिका र धोबिनी गाँउपालिका रहेका छन् । वीरगंज महानगरपालिका, पोखरिया, बहुदरमाई र पर्सागढी नगरपालिका तथा कालीकामाई, पकहामैनपुर, सखुवा प्रसौनी, पटेर्वा सुगौली, जिराभवानी, जगरनाथपुर र ठोरी गाँउपालिका गरी ११ पालिकाले भने निर्धारित समय (असार १० गते) भित्रै आगामी आर्थिक वर्ष २०८२÷८३ का लागि बजेट र नीति तथा कार्यक्रम सार्वजनिक गरिसकेका छन् । छिपहरमाई गाँउपालिका, बिन्दवासिनी गाँउपालिका र धोबिनी गाँउपालिकाले भने प्रमुख र उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतबीचको विवादका कारण निर्धारित समयमा बजेट र नीति तथा कार्यक्रम ल्याउन नसकेका हुन् ।

# टिपरको ठक्करबाट युवकको मृत्यु

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको लालबन्दी नगरपालिका–५ मेजरगञ्जस्थित भित्री सडक खण्डमा बुधबार राति भएको सवारी दुर्घटनामा २० वर्षीय युवकको मृत्यु भएपछि आक्रोशित स्थानीयले टिपरमा आगजनी गरेका छन् । जब्दीबाट लालबन्दीतर्फ आउँदै गरेको ना २ क ५०१ नम्बरको टिपरले साइकलमा यात्रा गरिरहेका कबिलासी नगरपालिका–८ अगर्वा निवासी सचिन साह गुप्तालाई ठक्कर दिएको थियो । गम्भीर घाइते भएका गुप्तालाई तत्काल प्रादेशिक अस्पताल मलंगवा पुर्याइएको भए पनि चिकित्सकले राति नै मृत घोषणा गरेका थिए । घटनापछि टिपर घटनास्थलमै छाडि टिपर चालक फरार भएका थिए । टिपरमा आगजनीका कारण टिपरको अगाडिको भाग पूर्ण रूपमा जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# गोलबजार नगरपालिकाको टिम च्याम्पियन




**मधेशदृष्टि**
**सिरहा ।**
नेपाल सितोरियो कराँते संघ धरानको आयोजनामा धरान उपमहानगरपालिकाको संयोजकत्वमा सम्पन्न तेस्रो वीपी मेमोरियल महिला राष्ट्रिय कराँते प्रतियोगिता २०८२ मा गोलबजार नगरपालिकाको टिम च्याम्पियन बन्न सफल भएको छ ।
प्रतियोगितामा गोलबजारले उत्कृष्ट प्रदर्शन गर्दै ३ स्वर्ण पदक र ४ कास्य पदक जितेर टिम च्याम्पियनको उपाधि हात पार्यो । आयोजक धरान उपमहानगरपालिकाको टिमले २ स्वर्ण र ४ रजत पदक जितेर दोस्रो स्थान हासिल गर्या । यस्तै, १ स्वर्ण र २ रजत पदक जित्दै धनकुटा टिम तेस्रो भयो । गोलबजार नगरपालिकाका पदक विजेता खेलाडीहरू पोर्सिया चौधरी थारुले स्वर्ण पदक, बिनिशा गुरुङले स्वर्ण पदक, मोनलिका कुमारीले स्वर्ण पदक, परिना शाही ठकुरीले कास्य पदक, सोनिया बानियाँले कास्य पदक, सपना पासवानले कास्य पदक र रविना परियारले कास्य पदक पाएकी छन् । खेलाडीहरूको उत्कृष्ट प्रदर्शनप्रति आयोजक तथा खेलकुदप्रेमीहरूद्वारा बधाई र शुभकामनासमेत व्यक्त गरिएको छ । प्रतियोगिताले महिला खेलकुदको विकासमा टेवा पुर्याउने विश्वास व्यक्त गरिएको छ ।






## सम्पादकीय

# गहवामाई रथयात्रा

*आज बिहान ७ः३० बजे नै वीरगंज शहरको प्रसिद्ध धार्मिकस्थल गहवामाईको रथयात्रा हुँदैछ । यसका लागि सम्पूर्ण तयारी गरिएको छ । गहवामाई वीरगंजको हृदय हो। ऐतिहासिक, पौराणिक र धार्मिक धरोहर हो । वीरगंजको पहिचान, इतिहास र आस्थाको साँचो प्रतीक पनि हो। सात हजार २ सय २५ वर्गफिट क्षेत्रफलमा फैलिएको मन्दिरका तीनवटा प्रवेशद्वार छन् । मुख्यद्वार पश्चिमपट्टि छ, जसबाट श्रद्धालु बिहान सबेरै प्रवेश गर्छन् । मन्दिरको आन्तरिक संरचना पारम्परिक नेपाली–आर्यशैलीमा बनेको छ। छानामा ढुंगे टायल, भित्तामा माटो र इँटको मिश्रण तथा बाहिरी पर्खालमा रातो रङको लेपन गरिएको छ। मन्दिरभित्र मूर्ति स्थापना गरिएको भाग भने अग्लो पीठ र सुनौलो आभा दिने चाँदीले सजिएको छ । मूर्ति काठ, पित्तल र पत्थरमा कुँदिएका छन्, जसमा विशेषगरी दुर्गा भवानी, काली, सरस्वती, लक्ष्मीका प्रतिमा छन्।*

*गहवामाई मन्दिर धार्मिक मात्रै नभएर सांस्कृतिक, ऐतिहासिक र सामाजिक दृष्टिले पनि उतिकै मूल्यवान छ। यहाँ प्रत्येक वर्ष विशेष गरी दशैँका अवसरमा घटस्थापनादेखि पूर्णिमासम्म लाखौँ भक्तजनले दर्शन गर्छन् । नवरात्रीको नौ दिनमा बिहान ४ बजेबाटै भक्तजनको घुइँचो लाग्न थाल्छ। देवीदुर्गाको विभिन्न रूपमा आराधना गरिने नवरात्रीमा कन्या पूजा, शक्तिपीठ दर्शन, बलि र आरतीको विशेष महत्त्व हुन्छ। गहवामाई मन्दिरको लोकप्रियता कुनै सीमित क्षेत्रमै सीमित छैन । भारतको सीमावर्ती जिल्लाबाट समेत श्रद्धालु यहाँ आउँछन् । मन्दिर परिसरमात्र होइन, त्यसको वरपरको बस्तीसमेत धार्मिक पर्यटनको महत्त्वपूर्ण गन्तव्य बनिसकेको छ । पछिल्लो समय वीरगंज महानगरपालिकाले मन्दिरको सौन्दर्यकरण गरेसँगै यो आफैँमा धार्मिक पर्यटनको मधेशमै प्रमुख गन्तव्यमध्ये एक बनेको छ।*

*१२ वर्षअघि मन्दिरको पुनर्निर्माण गरिएपछि यसको महिमा अरु प्रज्ज्वलित भएको छ। गहवामाई तीर्थ विकास समिति र स्थानीय समुदायको संयुक्त प्रयासमा रथयात्रा गरिन थालिएको छ । रथयात्रा विशेषतः नवरात्रीको झल्को दिने शैलीमा हुने गरेको छ। झाँकी प्रदर्शन, बाजागाजा, महाआरती, प्रसाद वितरणलगायतका क्रियाकलाप पनि हुने गरेका छन् । शुक्रबार बिहान रथयात्रा, साँझ भारतको कलकत्ताबाट आएको टोलीको झाँकी र शनिबार प्रसाद वितरणको योजना बनाइएको छ।*

*रथयात्रा व्यवस्थित बनाउन असार १३ गते सम्पूर्ण विद्यालय बन्द गर्ने निर्णय गरेको छ । रथयात्रा र प्रसाद वितरणमा सहभागी हुन सबैमा अपिल गरिएको छ।*

# अन्तरजातीय विवाहको चोटः घरबाट निकाला

**प्रतीक्षा आले**



असारको हपहपी गर्मी, एउटा ढोका मात्र भएको, बिनाझ्यालको एक कोठे टहरो । जस्ताले छाएको होचो अनि साँगुरो खोपीभित्र घामको रापले उखरमाउलो गर्मी छ । सकसलाग्दो यो कालकोठरीभित्र खलखल पसिना काढ्तै ओत लाग्दै छन्, महिना दिनकी सुत्केरी मनिका परियार र उनका नवजात शिशु । आफ्नो नाममा नङमा लाउने माटो पनि नभएको उनी काकी नाता पर्ने पार्वती परियारले ओत लाग्न दिएको यो टहरोलाई सुविधासम्पन्न दरबार मान्न बाध्य छिन् । सहिदलखन गाउँपालिका–१ बक्राङ समिडाँडाकी २१ वर्षीया मनिकाको आशा र भरोसाको त्यान्द्रो एक महिने छोरा यही टहरोभित्र हुर्कँदै छ । जुन शिशु गर्भमा आएदेखि आफू पतिबाट र घरबाट लखेटिइन्, माइतीबाट पनि एक्लिइन्, उनै शिशुलाई उनले गत जेठ १० गते गोरखा अस्पतालमा जन्माएकी थिइन्।

'अनि बाबुको नाम चाहिँ के राखिदिनुभयो त ?,' यो प्रश्नले मनिकालाई झन भारी चोट दियो। उत्तर दिन नसकेर छाँगाबाट खसेजस्तै भइन् र फेरि सम्हालिँदै भनिन्, 'खोइ दिदी, बाबु एक महिनाको भइसक्यो तर नाम के राख्ने केही सोचेकी छैन। न्वारान गरेको भए पो नाम राख्नु।' मनिकाले २०८० साल मङ्सिरमा धादिङको गजुरी गाउँपालिका–२ छेपाङका २३ वर्षका मिलन श्रेष्ठसँग बिहे गरेकी थिइन् । अन्तरजातीय विवाह भएकाले मिलनको घर परिवारले सहजै स्वीकार गर्ला भन्ने आशा मनिकालाई थिएन।

'तपाईं नेवारको छोरो, म दमाइकी छोरी। तपाईँको घरपरिवारले मान्दैन, नबोलौँ भन्थेँ म । उ (मिलन) भने साह्रै जिद्दी, मलाई फकाएर, घुक्याएर अनि एकपटक त तीन तले घरको छतबाट हाम्फालेर माया जालमा फँसायो,' मनिकाले भनिन्, 'जीवनमा कहिले कसैको माया नपाएकी म, उसको कुरामा सजिलै फँसिहालेँ। उसले मलाई घरमा बाहुनी हो भनेर धुमधामले भित्र्यायो। इष्टमित्र, छरछिमेक बोलाएर भोजभतेर पनि गऱ्यो। मैले नढाटौँ भनेकी थिएँ तर उसले बिहे भइसकेपछि जसरी पनि मान्छन्, चिन्ता नगर भन्थ्यो। मैले पनि उसले भनेजस्तै गरेँ।'

बिहेपछि उनीहरू चितवनको कार्यथलो फर्किएका थिए। उनीहरू दुवैजना चितवनको भरतपुर महानगरपालिका–१ गोद्राङस्थित कोकाकोला फ्याक्ट्रीमा काम गर्दथे। 'हामी चितवन आएपछि मिलनको घरमा मेरो जात थाहा भएछ। मिलनको आमा–बाले हामीलाई फोन गरेर तिमीहरू मर्यौँ, अब यहाँ नआउनु भन्नुभयो। त्यसपछि उसको घर जाने कुरै भएन,' मनिकाले भक्कानिँदै भनिन्। उनलाई आज पनि त्यही ग्रहण लागेका दिनहरूको याद आयो। विसं २०७५ मा १४ वर्षको उमेरमा गाउँको एकजना चिनेजानेको दिदीको पछि लागेर चितवन पसेकी थिइन । उनै दिदीले मनिकालाई कोक फ्याक्ट्रीमा काम लगाइदिएकी हुन् । उनी भन्छिन्, 'म गाउँको महेन्द्रशक्ति माविमा पढ्थेँ। आठ कक्षामा फेल भएँ।

सँगैको साथीहरू माथिल्लो कक्षा पुगे। म लाज लागेर पढ्न गइनँ। मेरो घरको आर्थिक अवस्था पनि राम्रो थिएन, अभावै अभाव थियो। त्यसैले दुईचार पैसा कमाउँछु भन्ने सोचेर चितवन पसेकी थिएँ।'

कोक फ्याक्ट्रीमा काम गर्ने क्रममा उनको मिलनसँग भेट भयो। सँगै काम गर्ने क्रममा उनीहरू नजिकिन थाले । 'काम गर्दै जाँदा चिनजान भयो। एकदिन, दुईदिन बोल्दै जाँदा ऊ मसँग धेरै नै नजिक हुन थाल्यो, पछिपछि त बिहे नगरे आत्महत्या गर्छु भन्दै धम्की दिन थाल्यो,' उनले भनिन्, 'म सानो मान्छे, अभावै अभावमा हुर्किएको, घरपरिवारबाट पनि माया नपाएकी। उसले त्यस्तो गर्दा माया गर्छ होला नि त भन्ने लाग्यो। फ्याक्ट्रीमा काम गर्ने अरु दिदीबहिनीले पनि यो त पागल छ तेरो लागि, केही गरिहाल्यो भने गाल पर्छ भन्थे त्यसैले, पनि बिहे गरेकी हुँ।'

मनिका र मिलनले काम गर्ने कोक फ्याक्ट्रीले गत वर्ष चैतमा उनीहरूसँगै अरु थुप्रै कर्मचारीलाई कामबाट हटायो। चितवनको ठाउँ, बिना काम दुईजना कोठामा बस्न खान समस्या भएपछि उनीहरू वैशाख (२०८१)मा रोजगारीको खोजीमा काठमाडौँ पुगे। काठमाडौँमा मिलनले मासु पसलमा काम पायो । मनिका भने सानोतिनो कामको खोजीमा थिइन्।

'काम खोज्दै थिएँ, मङ्सिरमा बच्चा बस्यो। मेरो सोच त बच्चा नराख्ने नै थियो। उमेर पनि धेरै भाको छैन, दुईजनाको राम्रो कमाइ छैन। खाने बस्ने ठेगान पनि थिएन,' उनले भनिन्, 'मिलनले भने जसरी पनि पछि पाउनु परिहाल्छ। बच्चा राख्नी भन्यो। उसैको करले बच्चा राखेँ। जसोतसो दुःख गरेर बच्चा हुर्किएला भन्ने सोचेर हामीले बच्चा राखेका थियौँ।' गर्भवती भएपछि मनिकालाई डेङ्गीको सङ्क्रमण भयो। डेङ्गीले धेरै नै थलिएपछि डाक्टरले गाउँमा गएर बस्न सुझाव दिएको उनको भनाइ छ।

'डेङ्गी लागेपछि काठमाडौँ बस्न गाह्रो भयो मलाई, गजुरी जाने कुरै भएन त्यसैले यहीँ माइतमा आएर बसेँ। मिलनलाई उतै काम गर्नु भनेर म यता आको। पछि त, ऊ पनि काम छाडेर मैसँग आयो,' उनले भनिन्। दुवैजना बक्राङ आएर बसेको केही समयपछि उनले मिलनलाई काम गर्न झापा पठाइन् । बक्राङकै दाजुभाइहरूसँग पैसा सरसापटी गरेर मिलनलाई काम गर्न झापा पठाएको उनी बताउँछिन्।

'यहाँ गाउँमा खासै काम पाइन्न। बच्चा जन्मिएपछि पैसा चाहिन्छ भनेर मिलनलाई गएको पुसमा यतै गाउँको दाजुभाइमार्फत झापा पठाएँ। त्यतिबेला मसँग मोबाइल थिएन। मिलन झापा गएपछि हाम्रो खासै फोन सम्पर्क पनि भएन। उता गएपछि ऊ धेरै परिवर्तन भएछ,' त्यसपछि शुरू भएको कालो दिनको स्मरण गर्दै उनले भनिन्, 'ऊ झापा गएपछि गाउँका दिदीहरूले तेरो बुढाले फेसबुकमा अरू केटीको फोटो हालेको छ भन्न थाले। मैले पनि अरुसँग मोबाइल मागेर हेरेँ। फोन गरेँ तर उसले मसँग झगडा मात्र गर्न थाल्यो। मैले धेरै नै बोलाएपछि बल्लबल्ल फागुनको १६ गते यहाँ आयो। मेरो लागि मर्न तयार भएको मिलन थिएन, यतिबेला अर्कै भइसकेको रहेछ। उसको चारपाँच दिन बसाईमा हामीबीच सय पटक झगडा भए। त्यसपछि ऊ निस्केर गयो, त्यसयता उसको कुनै खबर छैन।'

यति कुरा गर्दासम्म मनिकाको आँखामात्र आँसुले भिजेका थिएनन्, गालामा डामपार्दै छातीतिर गुडुल्किरहेका थिए। उनका अनुसार मिलन गएको फागुनमा आउँदा आमाले घरमा बोलाको छ भनेर निस्केका थिए। मिलन गएको केही दिनपछि मनिकाको काकी पार्वतीलाई मिलनको गाउँले भाइको फोन आयो। फोन गर्ने मान्छेले मिलनले घरमा अर्को केटी लिएर आएको खबर दिएको मनिकाले बताइन्। 'यहाँबाट गएपछि पहिलाको बूढीले छोडेर गई भन्दै फेरि अर्को केटी घर लगेछ।

दोस्रो केटी पनि अर्कै जातको लगेपछि दुवैजनालाई घरबाट लखेटिदिएको रे भन्ने उसको गाउँको एकजना भाइबाट थाहा भयो,' मनिकाले गहँभरि आँसु पार्दै भनिन्, 'मेरो पेटमा उसको बच्चा छ अनि, उ चाँहि यो सबै गर्दै हिँडेको छ भन्ने थाहा पाए पछि म छाँगाबाट खसेजस्तै भएँ। यो सबै सुन्ने बित्तिकै म केही नसोची काकीसँग १०० रुपैयाँ सापट मागेर खैरेनी पुगेँ। पैसा थिएन, गहनाको नाममा एउटा चाँदीको सिक्री र सानो चाँदीको औँठी थियो । खैरेनीमा त्यही बेचेँ । मसँग फोन पनि थिएन त्यसैले खैरेनीबाट मामाको छोरीलाई लिएर गजुरी गएँ । गजुरी पुगेर दिदीको फोनबाट मिलनलाई कति फोन म्यासेज गरे तर उठेन। म त पागलजस्तो कहाँ जाने कसलाई भन्ने भएँ । गजुरीमा एउटा पुलिसचौकी रहेछ। त्यहाँ उजुरी दिन गाको पैसा लाग्छ भन्नुभयो। मसँग फर्किनको लागिमात्र पुग्ने पैसा थियो । पैसाको यतिसम्म अभाव थियो कि पानी किनेर खाने पैसा समेत थिएन। पेटमा बच्चा छ, गाडीमा अरुले पानी खाको देखेर थुक निल्दै गजुरीबाट खैरेनी फर्कियौँ। सिक्री बेचेको पैसाले दिदी र मलाई आउन जान मात्र ठिक्क भयो। खैरेनी आएर एकरात मामाघर बसेँ। मनको पीडा कसलाई सुनाउनु, भोलिपल्ट घर फर्किएँ। कुकुरले नपाएको दुःख पाउनु भनेको यसलाई नै भन्छ होला है दिदी।' यति भनिरहँदा उनको भक्कानो फुटिसकेको थियो।

मिलन सम्पर्कविहीन भएपछि उनलाई गाउँका दिदीबहिनीहरूले यस्तो अवस्थामा छस् पक्कै आउँछ होला भन्दै सान्त्वना दिन्थे। 'मिलन सम्पर्कविहीन भएको पनि तीन महिना बितिसक्यो । यसबीचमा मैले जे जति दुःखकष्ट भोगेँ त्यो सम्झँदा अब मलाई कोही चाहिन्न जस्तो लाग्छ,' उनी भन्छिन्, 'जेठ ६ गतेको डेट थियो मेरो। तर, बच्चा पाउने सुरसार भएन। ९ गते बिना पैसा गोरखा अस्पतालमा भर्ना हुन गएँ। बच्चा पनि छ घण्टा अड्कियो। बल्लतल्ल बच्चा त जन्मियो। तर, बच्चालाई जन्डिस र थाइराइड देखिएछ। मलाई गोरखा अस्पतालमा राखेर बच्चालाई थप उपचार गर्न भरतपुर सरकारी अस्पताल लग्यो। बच्चालाई भरतपुर अस्पतालमा तीन दिन एनआइसियुमा राख्यो । मेरो उपचार, बच्चाको उपचार, सुत्केरी हुँदाको सबै खर्च खानापिना अहिलेसम्म सबै सहयोग जुटाएको पैसाले जसोतसो धानेको छु। गाउँको शिव विक (दाइ) र मन्दिरा विक (भाउजु)ले सबै सहयोग गर्नुभयो। गाउँमा अरुले पनि सहयोग जुटाएर सबै उपचार खर्च टारेको छु।'

श्रीमान्को साथको खाँचो हुँदा एक्लै परेकी मनिकालाई अब कसैसँग कुनै आशा छैन। 'यस्तो अवस्थामा छोडेर जाने पापीसँग के आशा राख्नु ? मेरो लागि त मरिसक्यो ऊ। अब आएर छोरालाई नाम दिए, उसको हकअधिकार दिलाइदिए हुन्छ। मचाहिँ अब यस्तै हो, आमाको अभाव बुझेकी छु। दुःखसुख गरेर बाबुलाई ठूलोमान्छे बनाउनु नै मेरो जीवनको लक्ष्य छ,' उनले भनिन्।

'के बनाउने लक्ष्य छ नि बाबुलाई ?,' थोरै हाँस्दै मनिकाले भनिन्, 'अञ्जानमा सम्बन्ध भयो, भविष्य पनि जानेको छैन त्यसैले उसको बाउ नआए पनि नाम अञ्जन राखिदिन्छु। के बन्छ त अब उसको भाग्यको कुरो हो, जे होस् यसको बाउ जस्तोचाहिँ नहोस्। असल, ठूलो मान्छे होस्।'

मनिका आफू सात वर्षको हुँदा आमा बितेको बताउँछिन् । 'आमाको त केही सम्झना नै छैन। बुबा इण्डियातिर हुनुहुन्थ्यो आमा बित्दा । भाइ जम्मा दुई वर्षको थियो । म र भाइलाई हजुरआमाले हुर्काउनुभएको हो,' उनले भनिन्, 'आमा बितेको धेरै वर्षपछि मात्र बुबा घर आउनुभयो। बुबाले दोस्रो बिहे त गर्नुभएन तर हाम्रो हेरविचार पनि गर्न सक्नुभएन। गाउँमा यस्तै त हो। पैसाको अभाव, फेरि बुबा बूढो हुनुहुन्छ अरूले जस्तो काम पनि गर्न सक्नुहुन्न।' बुबाले आफू आठ कक्षामा पढ्दापढ्दै पढाइ छोड्दा, चितवनमा काम गर्न जाँदा, कलिलो उमेरमै बिहे गर्दा र अहिले बच्चा जन्माउँदा समेत केही नभनेको मनिका सुनाउँछिन्।

'बुबाले त केही भन्नुहुन्न, धेरै बोल्नु पनि हुन्न। त्यही भएर नै म र मेरो १९ वर्षको भाइ अहिले अलपत्र परेका हौँ। भाइ पनि अहिले पोखरातिर गाको छ पढाइ छाडेर। तर, बुबालाई केही मतलब हुन्न। सायद आमा भइदिएको भए हामीलाई सम्झाउनुहुन्थ्यो होला, मेरो यस्तो अवस्था आउँदैन थियो होला। यदि यही अवस्थामा पनि आमा भइदिएको भए मेरो स्याहारसुसार गर्नुहुन्थ्यो होला,' गहँभरि आँसु पार्दै मनिकाले भनिन्। दुःखको रहरमा पौडिएर हुर्केको अहिले झन ठूलो दुःखको सागरमा डुब्नुपरेको दुखेसो गर्दै उनले भनिन्, 'मेरो जिन्दगी हाँडीबाट उछिट्टिएर भुङ्ग्रोमा परेको माछोझैँ भयो।'

# मानव–हात्ती द्वन्द्व न्यूनीकरण गर्न पहल



**भीष्मराज ओझा**

वन तथा वातावरण मन्त्रालयले पूर्वी तराई क्षेत्रमा बढ्दो मानव–हात्ती द्वन्द्व न्यूनीकरणका लागि तत्काल प्रभावकारी परियोजना निर्माण गरी कार्यान्वयन गर्ने भएको छ । त्यसका लागि साझा धारणा बनाउन मन्त्रालयले बुधबार सम्बन्धित विकास साझेदार संस्थासँग अन्तरक्रिया गरी सुझाव सङ्कलन गरेको छ । साझेदार संस्थाको सहयोग र समन्वयमा आधुनिक प्रविधिका साथ स्थानीय सहभागितामा परियोजना बनाई तत्काल कार्यान्वयन गरिनेछ ।

वनमन्त्री ऐनबहादुर शाही ठकुरीले पछिल्लो समय हात्तीका कारण मानवीय, कृषि पशु तथा बाली र घरगोठमा क्षति हुने क्रम बढेकाले समाधानका लागि सरोकारवालासँग साझा धारणा बनाई अघि बढ्ने बताउनुभयो । उहाँले भन्नुभयो, 'मानव–हात्ती द्वन्द्व न्यूनीकरणका लागि तत्कालीन र दीर्घकालीन योजना बनाएर तत्काल कार्यान्वयन गर्नेगरी अघि बढ्छौँ ।

साथै हात्तीबाट हुने क्षतिमा राहत दिने कार्यविधिलाई पनि अझ सहज र सरल बनाउँदैछौँ ।'

सन् २००० देखि हालसम्म हात्तीको आक्रमणबाट नेपालमा ३४५ जनाको मृत्यु भएको छ भने मानिसको आक्रमणबाट तथा करेन्ट लागेर ५५ हात्ती मरेका छन् । यसबाहेक हरेक वर्ष हात्तीबाट हुने कृषि पशु तथा बाली र घरगोठको क्षतिको परिणाम ठूलो छ । वन राज्यमन्त्री रुपा विकले हात्तीको क्षतिबाट गरिब समुदाय बढी प्रभावित हुने गरेको उल्लेख गर्दै मानव–हात्ती द्वन्द्व न्यूनीकरणको विषय अब वन मन्त्रालयको मात्र नभई अन्य मन्त्रालय र सबै तहका सरकारको चासोको विषय बन्नुपर्ने उल्लेख गर्नुभयो ।

मन्त्रालयका सहसचिव बुद्धिसागर पौडेलले पछिल्लो समय मानव–हात्ती द्वन्द्व भयावह बन्दै गएको उल्लेख गर्दै समाधानका लागि शिक्षा र चेतनाका साथै स्थानीय जनताले वैकल्पिक खेतीका बारेमा समेत सोच्नुपर्नेमा जोड दिनुभयो । साथै उहाँले प्रभावित मानिसमा बदलाको भावना कम गर्न राहतसम्बन्धी निर्देशिकालाई सरल बनाइने जानकारी दिनुभयो ।

पछिल्लो तथ्याङ्कानुसार हाल नेपालमा २३० जङ्गली हात्ती र सरकारी तथा निजी रुपमा पालिएका १८० हात्ती रहेका छन् । अन्तरराष्ट्रिय प्रकृति संरक्षण सङ्घ नेपालका राष्ट्रिय प्रतिनिधि डा नरेन्द्रमानबाबु प्रधानले सचेतनामार्फत स्थानीयको व्यवहार प्रतिवर्तन गर्न सके मात्र पनि हात्तीका कारण हुने मानवीय क्षति ७० प्रतिशतसम्म कम गर्न सकिने तर्क गर्नुभयो । उहाँले भन्नुभयो, 'मनिसको व्यवहार परिवर्तन गर्न सकिन्छ तर हात्तीको व्यवहार परिवर्तन गर्न सकिँदैन ।'

विश्व वन्य जन्तु कोष नेपालका राष्ट्रिय प्रतिनिधि डा घनश्याम गुरुङले भारतीय सीमाबाट आउने हात्तीका कारण पनि क्षति हुने गरेको उल्लेख गर्दै यस सम्बन्धमा भारतसँग समन्वय गरी काम गर्नुपर्ने सुझाव दिनुभयो । उहाँले भन्नुभयो, 'मानव–हात्ती द्वन्द्व समाधानको विषयलाई दिगो र प्रभावकारी बनाउन वन मन्त्रालयको मात्र नभई राजनीतिक एजेन्डा बनाउनुपर्छ ।'

राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्यसचिव डा नरेश सुवेदीले हात्तीको आक्रमणबाट बच्न पछिल्लो समय सुरु गरिएको फेन्सिङ तार प्रविधि प्रभावकारी बनेको उल्लेख गर्दै स्थलमा खटिने कर्मचारीलाई स्रोत र सवारीसाधनले चुस्त बनाउनुपर्ने सुझाव दिनुभयो । 'द जिओलोजिकल सोसाइटी अफ लन्डन नेपाल'का राष्ट्रिय प्रतिनिधि डा भगवान दाहालले हात्तीको रुट पहिचान गरी सो क्षेत्रमा हुने मानवीय क्षति कम गर्न सकिने बताउनु भयो ।

साथै उहाँले प्रविधिको प्रयोग गरेर तथा वैकल्पिक खेती गरेर हात्तीबाट हुने क्षति कम गर्न सकिने सुझाव दिनुभयो ।

संयुक्त राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठन नेपालका जलवायु परिवर्तन विज्ञ डा शालु अधिकारीले आफूहरुले कृषकलाई बिमा सुविधा दिने कार्यमा सहयोग गर्दै आएको अवगत गराउँदै यसबाट दिगो वन्यजन्तु व्यवस्थापनका लागि काम गर्न सकिने बताउनुभयो । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका वरिष्ठ इकोलोजिष्ट हरिभद्र आचार्यले मानव–हात्ती द्वन्द्वसम्बन्धी प्रस्तुति गर्दै नेपालका पूर्वी तराई क्षेत्रमा भाले हात्तीको संख्या धेरै भएकाले तुलनात्मक बढी क्षति हुने गरेको बताउनुभयो ।

साथै बर्दिया क्षेत्रमा पोथी हात्तीको संख्या धेरै भएकाले तुलनात्मक कम क्षति हुने गरेको बताउनुभयो ।

मानव–हात्ती द्वन्द्वबाट हुने क्षतिको अवस्था हेर्दा संरक्षण क्षेत्र भित्र र बाहिर बराबरी देखिन्छ भने मुख्य भित्री क्षेत्रमा खासै क्षति भएको देखिँदैन । मन्त्रालयले मानव–हात्ती द्वन्द्व न्यूनीकरणका लागि हालसम्म क्षति पुर्याउने हात्तीलाई सुरक्षित स्थानमा प्रवेश गराउने, उद्धार र उपचार, क्षतिका लागि राहतको व्यवस्था, सचेतना कार्यक्रम, फेन्सिङ तारबार, मृतकका परिवारलाई रोजगार र छात्रवृत्ति, वैकल्पिक खेतीको प्रोत्साहनलगायत काम गर्दै आएको छ । रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# ‘देशभरका विद्यालयमा योग शिक्षा पुऱ्याउनुपर्छ’

**भक्तपुर।**
संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेले देशभरका विद्यालयमा योग शिक्षा पु-याउनुपर्ने बताएका छन।

बिहिवार भक्तपुरको सानोथिमिस्थित आदर्श माध्यमिक विद्यालयमा आयोजित ‘विद्यालय योग शिक्षा’ एवं ‘विद्यालय शिक्षक केन्द्रीय योग उत्प्रेरक’ तालिमको उद्घाटन गर्दै उनले योग स्वास्थ्यका दृष्टिकोणले प्रभावकारी विधि भएकाले विद्यालय तहसम्म योग शिक्षा पु¥याउनुपर्ने धारणा राखे।

मन्त्री पाण्डेले भक्तपरबाट सुरु भएको विद्यालय योग कार्यक्रमलाई ७७ वटै जिल्लामा विस्तार गर्दै शिक्षक, विद्यार्थी एवं युवा वर्गलाई योगमा केन्द्रित गराउनुपर्ने बताए।

उनले भने, ‘नेपालको युवा शक्तिलाई योगमा ल्याउनु आवश्यक छ । अबको १५ वर्षमा देशभरका युवा योग साधनामा लाग्नेछन् । योगको ज्ञान र ध्यानले पहिलो परिवार, समाज, देश र विश्वमै शान्ति स्थापना गर्न सकिन्छ । यसले मानव स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने भएकाले प्रत्येक व्यक्तिलाई योग आवश्यक छ । यो अभियान अब नेपालबाट सुरु हुन्छ।’

भौतिक र अभौतिक सन्तुलन स्थापित गरेर योग साधनालाई अगाडि बढाउनुपर्ने आवश्यकता औँल्याउँदै उनले मानव सभ्यतालाई उचित मार्गमा लैजान योगलाई फैलाउनु आवश्यक रहेको बताए। धार्मिक ज्ञान र विज्ञानबीचको सन्तुलनलाई मन र शरीरसँग जोडेर लानसके सम्मुनत समाजको निर्माण हुने उनको धारणा छ।

शिक्षा तथा मानवस्रोत विकास केन्द्रका महानिर्देशक कृष्णप्रसाद काप्री, भक्तपुरका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेलगायतले योगलाई विद्यालय केन्द्रित बनाएर अगाडि लैजानुपर्नेमा जोड दिए।

सञ्चालन हुने शिक्षकका लागि योग प्रशिक्षणमा जिल्लाभरिका ६० जना शिक्षकशिक्षिकाको सहभागिता रहेको योग जिल्ला समन्वय समिति एवं कार्यक्रम संयोजक नवराज काफ्लेले जानकारी दिए।

योग प्रशिक्षणमा सामुदायिक सबै विद्यालयलाई कार्यक्रममा नसमेटिएको, शिक्षा विकास तथा समन्वय इकाइ भक्तपुरले विद्यालयमा विभेद गरेको, संस्थागत विद्यालयका छाता सङ्गठन एवं विद्यालयलाई सहभागिता नगराइएको, बजेटको दुरुपयोग गरेकोलगायत कारण देखाउँदै संस्थागत विद्यालयका सञ्चालकले असन्तुष्ट व्यक्त गरेका थिए । रासस

# शासकको दिमागमा चढ्दै नचढेको विकास एमालेले गरेको छः पोखरेल

**काठमाडौं।**
नेकपा एमालेका महासचिव शंकर पोखरेलले युवालाई विदेश पलायनबाट रोक्नु आजको प्रमुख चुनौती भएको बताएका छन्।

नेकपा एमाले काठमाडौं जिल्ला कमिटी बैठकलाई बिहीबार सम्बोधन गर्दै पोखरेलले नेपाली युवा बाध्यताले मात्र विदेश गएका नभई विदेश जाने रहर पनि भएको बताएका हुन् । उनले यो लाहुरे संस्कृतिकै निरन्तरता भएको स्पष्ट पारे । हिजो भारतमा ठुलो सङ्ख्यामा जाने युवाहरू आज तेस्रो मूलकमा जाने गरेका पोखरेलले बताए । नयाँ पुस्तालाई राज्य, राजनीति र समाजसँग जोड्दा मात्र उनीहरूको पलायन रोक्न सकिने पोखरेलले बताए । सरकारको अहिलेको बजेट र कार्यक्रमले नयाँ पुस्तालाई नेपाल निर्माणको आधार बनाउने प्रयत्न गरेको उनको दाबी छ। ‘हाम्रो ध्यान जहाँ समस्या छ त्यहाँ समाधान खोज्नु पर्छ भन्ने कुरामा केन्द्रित भएको छ’, उनले भने । बजेट र कार्यक्रमले देशमा रोजगारी र स्वरोजगारी सिर्जनालाई प्राथमिकतामा राखेको उनले दाबी गरे। त्यसको लागि उद्योग व्यवसायमा स्टार्टअपका योजना ल्याइएको उनले प्रष्ट पारे। यस वर्षको नीति, कार्यक्रम र बजेट प्रभावकारी रहेको पोखरेलका भनाइ छ । ‘यो कार्यक्रमले युवालाई देश भित्र राख्ने प्रयत्न गरेको छ’, उनले भने।

बजेटका सन्दर्भमा केही गुनासा र आलोचना भए पनि समग्रमा बजेट सन्तुलित र प्रभवकारी भएको उनले बताए । यसको प्रभावकारी कार्यान्वयन हुने हो भने धेरै समस्या समाधान गर्न सक्ने उनको धारणा छ।

उनले आधुनिक राष्ट्र निर्माणको पर्याय नेकपा एमाले भएको दाबी पनि गरे। ग्याँस र फलाम खानी पत्ता लगाउने तथा देशको आमूल परिवर्तन गर्ने योजना सुरु गरेर एमालेले राष्ट्र निर्माणको अभियान छेडेको उनको धारणा छ । ‘देश बनाउन सक्छ एमालेले भन्ने सन्देश हामीले पुष्टि गरेका छौँ, एमाले कुरा मात्र होइन कामद्वारा आफूलाई पुष्टि गर्दछ, विगतका शासकको दिमागमा चढ्दै नचढ्ने काम हामीले गर्न सफल भएका छौँ’, उनले भने।

उनले अहिले पार्टी नेतृत्वका विषयमा बहस गर्ने बेला नभएको भन्दै बेला न कुबेला नेतृत्वको बहस गरेर पार्टीमा विभाजनको वातावरण बनाउन नहुने बताए।

अधिवेशनको बेला नेतृत्वको बारेमा छलफल गरेर त्यसलाई टुङ्गाउने सामथ्र्य राख्ने पार्टी एमाले भएको उनले दाबी गरे।

पार्टीमा कुनै सैद्धान्तिक र वैचारिक मतभेद नरहेकोले यति बेला सबैले पार्टीलाई बलियो बनाएर लैजानु पर्नेमा पोखरेलले जोड दिए।

# मन्त्री खड्काद्वारा ऊर्जामन्त्रीस्तरीय बैठकलाई सम्बोधन

**काठमाडौँ ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले शाङ्हाई सहयोग सङ्गठन (एससिओ)को सदस्य राष्ट्रको पाँचौं ऊर्जामन्त्रीस्तरीय बैठकलाई सम्बोधन गरेका छन ।

चीनको जेझियाङ प्रान्तको निङ्बो सहरमा आयोजित बैठकलाई बिहिवार सम्बोधन गर्दै मन्त्री खड्काले एससिओ सदस्य राष्ट्रको जनसङ्ख्या, स्रोत र सम्भावनालाई दृष्टिगत गरी लगानी प्रवद्र्धन एवं ऊर्जा व्यापारका लागि नवीन सोचसहित क्षेत्रीय ढाँचा निर्माण तथा सहकार्यलाई अझ प्रभावकारी र सुदृढ तुल्याउनुपर्ने खाँचो औँल्याए ।

‘इन्टरग्रेटेड इनोभेसन फर इनर्जी फ्युचर’ नाराका साथ सुरु भएको उक्त बैठकमा मन्त्री खड्काले एससिओ सदस्य राष्ट्रहरूबीच ऊर्जा विकास, ग्रिड कनेक्टिभिटी, नवप्रवर्तन, ऊर्जा सुरक्षाको प्रवद्र्धनका पक्षमा क्षेत्रीय एकता, सहयोग र सहकार्य हुनुपर्नेमा जोड दिए ।

ऊर्जामन्त्री खड्काले सन् २०३५ सम्ममा २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको लिएको नेपालले पन्ध्र हजार मेगावाट विद्युत् निर्यात गर्नेगरी योजना तथा कार्यक्रम अघि बढाएको जानकारी दिए । नेपालमा हाल करिब तीन हजार ५०० मेगावाटभन्दा बढी विद्युत् उत्पादन भइसकेको र निकट भविष्यमा यो दोब्बर बनाउने योजनाका साथ काम भइरहेको उनले बताए ।

छिमेकी देशहरूसँग विद्युत् व्यापार सुरु गरिसकेको जानकारी दिँदै ऊर्जामन्त्री खड्काले भारतको ग्रिड प्रयोग गरी पहिलोपटक बङ्गलादेशमा विद्युत् निर्यात गरेर त्रिपक्षीय ऊर्जा सहकार्यको नीति कार्यान्वयनमा आएको स्पष्ट गरे ।

एससीओको संवाद साझेदार राष्ट्रका रुपमा क्षेत्रीय ऊर्जा सहकार्यमा निरन्तर योगदान गर्ने प्रतिबद्धता व्यक्त गर्दै मन्त्री खड्काले आपसी सहयोग र सहकार्यका आधारमा वातावरण सन्तुलन, नवप्रवर्तन, दिगो विकासको अवधारणासहित ऊर्जा क्षेत्रको विकास एवं विस्तारका पक्षमा नेपाल रहेको स्पष्ट गरे । सो बैठकमा भाग लिन मन्त्री खड्का यही असार १० गते मङ्गलबार चीनतर्फ प्रस्थान गर्नुभएको थियो ।रासस

# केही नेपाल ऐन संशोधन गर्ने विधेयकसम्बन्धी समितिको प्रतिवेदन पेस

**काठमाडौँ।**
राष्ट्रियसभाको बिहिवारको बैठकमा प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०८० सम्बन्धी समितिको प्रतिवेदन पेस गरिएको छ।

बैठकमा विधायन व्यवस्थापन समितिका सभापति तुलसाकुमारी दाहालले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०८० सम्बन्धी समितिको प्रतिवेदन पेस गरेका थिए।

त्यसैगरी, आजको बैठकमा राष्ट्रियसभाका सचिव डा सुरेन्द्र अर्यालले विनियोजन विधेयक–२०८२ का सम्बन्धमा प्रतिनिधिसभाबाट प्राप्त सन्देश सभासमक्ष जानकारी गराई टेबुल गरे । राष्ट्रियसभाको आजको बैठकले ‘खानेपानी सेवामा हरेक नागरिकको पहुँच अभिवृद्धि गर्न खानेपानी तथा सरसफाइ संस्था÷समितिलाई सुविधा प्रदान गर्ने र नेपालमै ब्लिचिङ पाउडर उद्योग खोल्नेसम्बन्धी’ सङ्कल्प प्रस्ताव सर्वसम्मतिले पारित गरेको छ।

सो सङ्कल्प प्रस्तावका प्रस्तावकमा जगप्रसाद शर्मा र समर्थकमा कृष्णबहादुर रोकाया, गोपीबहादुर सार्की अछामी, भगवती न्यौपाने, मदनकुमारी शाह र मोहम्मद खालिद थिए।

बैठकमा सो प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दै अध्यक्ष नारायणप्रसाद दाहालले प्रस्तावमा उल्लेखित विषय कार्यान्वयनका गर्न सरकारलाई निर्देशनसमेत दिएका छन ।अध्यक्ष दाहालले सङ्कल्प प्रस्तावमा उल्लेखित विषयको कार्यान्वयनका लागि खानेपानी मन्त्री प्रदीप यादवले सभामा व्यक्त गरेका छन प्रतिबद्धतासमेत प्राथमिकताका आधारमा कार्यान्वयनका लागि सरकारलाई निर्देशन दिए । प्रस्तावमा उल्लेखित विषयको अनुगमन गर्न सम्बन्धित विषयगत समितिलाई उनले निर्देशन दिए।

त्यसअघि प्रस्तावकर्ता शर्माले ‘खानेपानी सेवामा हरेक नागरिकको पहुँच अभिवृद्धि गर्न खानेपानी तथा सरसफाइ संस्था÷समितिलाई सुविधा प्रदान गर्ने र नेपालमै ब्लिचिङ पाउडर उद्योग खोल्नेसम्बन्धी’ सङ्कल्प प्रस्ताव प्रस्तुत गरेका । सांसदहरु कृष्णबहादुर रोकाया, गोपीबहादुर सार्की अछामी, भगवती न्यौपाने, मदनकुमारी शाह र मोहम्मद खालिद समर्थक भई दर्ता गराउनुभएको यस प्रस्तावलाई संसद्मा निर्णयार्थ प्रस्तुत गर्दा सत्तापक्ष र प्रतिपक्षी सबै सांसदहरुले सहमति जनाएका थिए।

प्रस्तावकर्ता सांसद शर्माले उपभोक्ता समिति एवं संस्थाको आयकर र राजस्व छुट गर्न साथै स्वदेशमै ब्लिचिङ पाउडर उद्योग स्थापना र सञ्चालन गर्न प्रस्ताव प्रस्तुत गरेका थिए।रासस

# सम्मानित श्रम र सुरक्षित आप्रवासनमा मन्त्री भण्डारीको जोड

**ललितपुर।**
श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीले विभिन्न मुलुकमा काम गर्ने हाम्रा श्रमिकको सम्मान हुनुपर्छ भनेका छन।

कोरिया इन्टरनेशनल कर्पोरेसन एजेन्सी (कोइका)द्वारा बिहिवार आयोजित ‘हामी एप सार्वजनिक एवं आप्रवासन सम्मेलन’को शुभारम्भ गर्दै उनले हाम्रो श्रमिकले बगाएको पसिनाका कारण गन्तव्य मुलुकको विकास भएको छ जनाउँदै सम्मानित श्रम र सुरक्षित आप्रवासनलाई जोड दिएका छौँ भनेका छन।

‘गन्तव्य मुलुकको आर्थिक विकासमा हाम्रा श्रमिक सहभागी छन्, उनीहरुको श्रमलाई सम्मान गर्नुपर्छ, वैदेशिक रोजगारमा १६ वर्षमा हाम्रा १४ हजार नेपालीले ज्यान गुमाएका छन् । श्रम गर्न गएको हो, ज्यान गुमाउन हैन, वैदेशिक रोजगारमा जानेहरूको उपयुक्त तरिकाले स्वास्थ्य परिक्षण हुन सकेको छैन, यसलाई पनि ध्यान दिनुपर्छ’, उनले भने।

उनले कोरियाको १९६० को अनुभवलाई अङ्गीकार गरेर अगाडि बढ्नुपर्छ भनेर जेनेभाको बैठकमा पनि भनेको छ भन्दै कोरियाली अनुभव सिकेर अनुकरणीय कार्य गर्नु छ भने।

उनले श्रमसम्बन्धी सही सूचनाको जानकारी दिन श्रम संसार लागू गरेको बताउँदै १० वर्षमा नेपालबाट बाध्यात्मक श्रमका लागि विदेश जाने अवस्थाको अन्त्य हुने बताए।

‘सूचनाको अभावले धेरै मानिस प्रभावित भएका छन्, ठगीमा परेका छन्, यी कुरालाई ध्यानमा दिएर श्रमसंसार सञ्चालनमा ल्याएका छौँ, श्रमसम्बन्धी सम्पूर्ण कुराहरु राखेका छौँ, मानिसको औँलामा नेपालको श्रम बजार छ, हामी वैदेशिक रोजगारभन्दा बढी नेपालको आन्तरिक रोजगारीलाई प्राथमिकतामा राख्छौँ, हाम्रो मन्त्रालयमा वैदेशिक रोजगार महाशाखा, वैदेशिक रोजगार बोर्डलगायत संरचना छ, अहिले मन्त्रालयमा हामीले अहिले आन्तरिक रोजगार महाशाखा स्थापना गरेका छौँ’, उनले भने।

उनले नेपालीले कोरियालाई आकर्षक गन्तव्यका रुपमा मान्ने गरेको भन्दै यसलाई व्यवस्थापन गर्न आग्रह गरे।

‘हामी एप’ नेपाली श्रमिकको अधिकार सुरक्षाका लागि एक महत्वपूर्ण उपकरण हो र यसले व्यवस्थित आप्रवासन प्रक्रियामा मद्दत पु¥याउँछ । सरकार सुरक्षित आप्रवासन र सफल पुनःएकीकरण सुनिश्चित गर्ने नीतिहरू विकास गर्न प्रतिबद्ध छ’, उनले भने।

नेपालका लागि कोरियाका राजदूत पार्क तेइ–यङले यस वर्ष नेपाल र कोरियाबीच कूटनीतिक सम्बन्ध स्थापनाको ५१औँ वार्षिकोत्सव हो भन्दै यो संयुक्त कार्यक्रम दुई देशबीच जनस्तरको सम्बन्धमा सहकार्यको प्रतीक हो भनेका छन।

‘माइग्रेन्ट श्रमिकको सम्पूर्ण यात्रामा साथ दिने ‘हामी’ एप कोरिया र नेपालको साझेदारीको प्रतीक हो । हामी श्रम आप्रवासनका क्षेत्रमा निरन्तर सहकार्य र साझेदारीको अपेक्षा गर्छौं’, राजदूत पार्क तेइ–यङले भने।

‘हामी एप’ को परियोजना कोइकाद्वारा सन् २०२२ मा सुरु गरिएको ‘नेपालमा फर्किएका श्रमिकको स्थिर पुनःएकीकरणका लागि चरणगत समर्थन प्रणाली सुदृढीकरण’ परियोजनाको हिस्सा भएको बताइएको छ।

‘हामी एप’बाट कोरियाको रोजगार अनुमति प्रणाली मार्फत कोरिया जाने नेपाली श्रमिकले पूर्व–प्रवास चरणमा दृष्टिकोण निर्माण, वित्तीय साक्षरता र जीवन सुरक्षासम्बन्धी तालिमका विषयमा, प्रवास चरणमा आवश्यक जानकारी र स्रोतमा पहुँच, साथै सप्ताहन्तमा आधारित सीप तथा उद्यमशीलता तालिम र प्रवासपश्चात्का चरणमा पुनःएकीकरणसम्बन्धी जानकारी, उद्यमशीलता तालिम र नयाँ व्यवसाय सुरु गर्न बीउ पुँजी सहयोगका विषयमा जानकारी तथा लाभ उठाउनसक्ने जानकारी गराइएको छ । यो एप श्रमिकको अधिकार सुदृढीकरणका लागि दिगो मोडेलका रूपमा स्थापित हुने जनाइएको छ ।रासस

# न्यायाधीशहरूविरुद्ध परेको उजुरीबारे छलफल

**काठमाडौं।**
बिहीबार संसदीय सुनुवाइ (संयुक्त) समितिको बैठकमा सर्वोच्च अदालतका प्रस्तावित न्यायाधीशहरुका सम्बन्धमा परेका उजुरीहरु खोल्ने र समितिका सदस्यहरुलाई कार्ययोजना वितरण गर्ने काम भएको छ।

समितिको बैठकमा सभापति ईश्वरी न्यौपानेले प्रस्तावित न्यायाधीशहरू विरुद्ध परेको उजुरीबारे जानकारी दिदैँ उक्त उजुरीहरुमाथि छलफल गरिएको हो। सोही क्रममा समिति सभापति ईश्वरी न्यौपानेले समितिमा ५ वटा व्यक्ति केन्द्रित र दुई वटा सुनुवाइ प्रक्रियासँग सम्बन्धित उजुरी दर्ता भएको जानकारी दिइन्।

१५ गते आइतबार प्रस्तावित न्यायाधीशहरूसँग सुनुवाइ गर्ने निर्णय पनि समितिको सर्वोच्च अदालतको न्यायाधीशमा प्रस्तावित तीन जनाविरुद्ध सङ्घीय संसद्को संसदीय सुनुवाइ समितिमा सात उजुरी परेका छन्।

बैठकमा सचिवालयबाट तयार गरिएको प्रस्तावित कार्यतालिका परिमार्जन सहित पारित भएको घोषणा पनि गरिएको छ।

# लागुऔषध नियन्त्रणमा सबैको सहकार्य र समन्वय आवश्यक

**सुनसरी ।**
कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले लागुपदार्थ दुव्र्यसन नियन्त्रणमा सबैको सबैको सहकार्य र समन्वय आवश्यक रहेको बताएका छन ।

सुनसरी सदरमुकाम इनरुवामा बिहिवार जिल्ला प्रहरी कार्यालय र फ्यान जिल्ला कार्यसम्पादन समितिले आयोजना गरेको कार्यक्रममा उनले लागुपदार्थ नियन्त्रणमा सबैको भूमिका महत्त्वपूर्ण हुने भएकाले सबैको सहकार्य र समन्वय गरी अघि बढ्नुपर्ने आवश्यकता औँल्याए ।

देशको विकास, समृद्धि र सुशासनको बाधकका रूपमा रहेको लागुऔषध दुव्र्यसन नियन्त्रणमा सबैको भूमिका र दायित्व रहेकाले सोहीअनुसारले व्यक्ति, परिवार र समाजले आआफ्नो ठाउँबाट समन्वयात्मक भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए ।

कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारीले प्रदेशका विभिन्न जिल्लामा अभियानका रूपमा दुव्र्यसनविरुद्ध कार्यक्रम सञ्चालन भइरहेको बताए ।

गाउँ, नगरका वडालाई क्रमशः लागुऔषध दुव्र्यसनमुक्त घोषणा गर्दै जाने अभियानमा प्रदेश सरकार रहेको जनाउँदै उनले समयमा लागुऔषध दुव्र्यसन नियन्त्रण गर्न नसके यसले विकराल समस्या निम्त्याउने भएकाले सबैले सहयोग गर्नुपर्ने धारणा राखे ।

कोशी प्रदेश प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी नायब महानिरीक्षक ईश्वर कार्कीले समाजको सत्रुका रूपमा रहेको लागुऔषधको सेवन तथा दुव्र्यसनलाई कम गर्ने प्रयासमा सबै लाग्नुपर्ने बताए ।

समाजमा साथी सङ्गतको दबाब, एकअर्काको देखासिकी, अभिभावकको निगरानीको कमी, असफलतालगायत कारणले पनि बालबालिका तथा युवायुवती लागुऔषधको सेवन गर्ने गरेकाले यसप्रति सबैको ध्यानाकर्षण हुनुपर्नेमा उनँले जोड दिए ।

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख राजन मेहता, कोसी प्रदेशसभाका सांसद इसराइल मन्सुरी, रामप्रसाद मेहता, इनरुवा नगरपालिकाका प्रमुख केदार भण्डरी, हरिनगर गाउँपालिकाका अध्यक्ष गफार अन्सारी, भोक्राहा नरसिंह गाउँपालिकाका अध्यक्ष अजमल अख्तर अजाद, सुनसरीका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्र, सशस्त्र प्रहरी उपरीक्षक निर्मल थापालगायतको सहभागिता थियो ।

लागुऔषधले समाजमा पारेको क्षति, कानुनी प्रावधान, सेवनकर्ता वृद्धि हुनुका कारण, रोकथामका उपाय, चुनौतीलगायत विषयमा जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक सुमनकुमार तिम्सिनले जानकारी दिए । लागुऔषध सेवनका कारणले अपराध हुने गरेकाले त्यसमा सबै चनाखो भएर अभियानलाई घरघरमा पु¥याउन आवश्यक रहेकामा उनले जोड दिए ।

सहभागीले लागुऔषध नियन्त्रणका लागि विभिन्न कार्यक्रम आवश्यक रहेको बताउनुभएको थियो । जिल्ला प्रहरी कार्यालयबाट सुरु भएको प्रभातफेरी इनरुवा नगरपालिकाको परिक्रमा गर्दै ओमसाइराम पार्टी प्यालेसमा गएर समापन भएको थियो ।रासस



राजपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रौतहट, मधेश प्रदेश नेपाल

# म्याग्दीमा व्यावसायिक अरिङ्गालपालन

**म्याग्दी ।**
पाखो बारीको भित्तामा सासाना प्वाल छन् । नजिकनजिक रहेका प्वालभित्र फ्ल्याक राखेर ओत लगाइएको छ । यिनै ओतमुनि अरिङ्गालका गोला छन् । म्याग्दीको बेनी नगरपालिका–६ जामुनाखर्कका अशोक शाहीले राहुवडास्थित पाखोबारीमा व्यावसायिक अरिङ्गालपालन गर्दै आएका छन ।



शाहीले नजिकैको जङ्गलबाट ल्याएर ११ गोला अरिङ्गाल पाल्न थालेको जानकारी दिए । राहुवडामा खुर्सानीखेतीका लागि सम्याएको पाखाको भित्ता र जामुनाखर्कमा घरको बार्दलीमा उनिसँगै श्रमतीतले गीताले अरिङ्गालपालन गरेका हुन ।

'नयाँ किसिमको व्यवसाय गर्ने योजनाअनुसार गत वर्ष जङ्गलबाट घरमा ल्याएर गरेको अरिङ्गालपालन सफल भएको छ', गीताले भनिन, 'मौरी जसरी नै गोला स्थानान्तरण विधिबाट अरिङ्गाल पाल्दा यसको संरक्षणसँगै आम्दानीको स्रोत हुने रहेछ ।'

पर्वतको जलजला गाउँपालिकाको लघुउद्यम विकास सहजकर्तासमेत रहनुभएकी गीताको योजनालाई गाउँमा हस्तकला तथा फर्निचर उद्योग सञ्चालन गर्दै आउनुभएका श्रीमान् अशोकले साथ दिएका छन ।

प्रत्येक दुई महिनामा एउटा गोलाबाट आठ किलोसम्मको अरिङ्गालको लार्भा निकाल्न सकिने शाहीले जानकारी दिए । 'जङ्गलमा अरिङ्गालको गोला देखाउनेलाई बिक्री गरेर भएको आम्दानीको आधा रकम दिने गरेका छौँ', अशोकले भने, 'अरिङ्गालले टोक्न नसक्ने कपडा र सुरक्षा कवच (सेफ्टी बेल्ट) प्रयोग गरी रुखमा चढेर रानीसहितको अरिङ्गालको गोला ल्याएर पाल्ने गरेका छौँ ।' जङ्गलबाट ल्याइएको अरिङ्गाल २५ प्रतिशत भागेर जाने र ७५ प्रतिशत मात्रै राखेको ठाउँमा बस्ने गरेका शाही दम्पतीको अनुभव छ । 'बेनीका होटलमा अरिङ्गालको लार्भाबाट बनेका परिकार बिक्री हुन्छन् । काँचो लार्भा प्रतिकिलो तीन हजार ५०० रुपैयाँ का दरले बिक्री हुने गरेको छ', शाहीले भने ।

गत वर्ष ३० किलो लार्भा उत्पादन गरेका शाही दम्पतीले यस वर्ष २५ वटा गोला पालेर करिब एक क्विन्टल लार्भा बेच्ने लक्ष्य राखेको बताए । 'एउटा गोलाबाट एकपटकमा आठ किलोसम्म लार्भा निकाल्न सकिन्छ । प्रत्येक दुई÷दुई महिनामा लार्भा निकाल्न सकिन्छ', उनले भने ।

पालेका अरिङ्गाल चरनका लागि जङ्गल र खेतबारीमा जान्छन् । किरा, फट्याङ्ग्जा, विभिन्न प्रजातिका फूल तथा फलफूल अरिङ्गालका आहारा हुन् । झरी परेको समयमा मासु र फलफूल आहाराका रूपमा दिने गरेको शाहीले बताए ।

शक्तिवद्र्धक मानिने अरिङ्गालको भुटेको लार्भा प्रतिरिकापी ६०० रुपैयाँ का दरले बिक्री हुने बेनीका होटल व्यवसायी राजन लामाले बताए । अरिङ्गाल बर्खायाममा बेनीमा आउने पाहुनाको प्रमुख रोजाइमा पर्ने गरेको उनको अनुभव छ । जेठबाट गोला बनाउन सुरु गर्ने अरिङ्गालका लार्भा कात्तिकसम्म बिक्री हुन्छन् ।

'अरिङ्गाल पाल्न सजिलो काम भने होइन । गोला जङ्गलबाट सार्दा सावधानी अपनाउन सकिएन भने ज्यान जोखिममा पर्छ । अरिङ्गाल रिसाएर टोक्ने सम्भावना बढी हुन्छ', अशोकले भने, 'बास बसेको समयमा स्थानान्तरण गर्नुपर्छ । मानिसको आवतजावत कम हुने ठाउँमा ल्याएर पालेका छौँ ।" उनका अनुसार रातो र कालो जातका अरिङ्गाल बढी पाइन्छन् ।

जिल्लास्थित डिभिजन वन कार्यालयका प्रमुख विष्णुप्रसाद अधिकारीले अरिङ्गालपालन म्याग्दीमा नयाँ वनजन्य उद्यम भएको बताए । 'लार्भाका लागि गोला पोलेर अरिङ्गालको वंशनै नष्ट गर्नुभन्दा पालन गर्दा यसको संरक्षण पनि हुने, आम्दानी पनि हुन्छ', उनले भने, 'जोखिम भएकाले अरिङ्गालपालनमा सावधानी भने अपनाउन आवश्यक छ ।'रासस

# 'मनसुन सक्रिय नहुँदा अपेक्षाकृत रोपाइँ हुन सकेन'



**रुपन्देही ।**
समयमा मनसुन सक्रिय नहुँदा लुम्बिनी प्रदेशमा रोपाइँ ढिलो सुरु भएको छ । सिञ्चित क्षेत्रमा धमाधम रोपाइँ जारी भए पनि आकाशे वर्षाको भरमा रहेका खेतमा भने किसानले अझै पनि धान रोप्न सकेका छैनन् ।

लुम्बिनी प्रदेशको १२ जिल्लामध्ये पूर्वी नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दियामा धानखेती राम्रो हुने जिल्लाको रुपमा मानिन्छन् । असार दोस्रो सातामा पनि यस क्षेत्रमा मनसुन सक्रिय हुन नसक्दा अपेक्षाकृत रोपाइँ हुन सकेको छैन् ।

लुम्बिनी प्रदेशको कृषि विकास निर्देशनालयका सूचना अधिकारी विवेक पन्तका अनुसार प्रदेशमा कूल धान रोपाइँ हुने क्षेत्रफलको यही असार ६ गतेसम्म जम्मा १० प्रतिशत मात्र रोपाइँ भएको छ । प्रदेशका १२ जिल्लामा गरी कूल ६ लाख ८० हजार १५ हेक्टर खेतीयोग्य जग्गा रहेको छ ।

यसमध्ये तीन लाख दुई हजार नौ सय ३९ हेक्टर क्षेत्रफलमा धानखेती हुन्छ । तर अहिलेसम्म २९ हजार २५० हेक्टर क्षेत्रफलमा मात्रै धान रोपाइँ भएको निर्देशनालयले जनाएको छ ।

सबैभन्दा बढी प्यूठानमा ८२ प्रतिशत जग्गामा धान रोपाइँ भएको छ । यहाँ ६ हजार पाँच सय २५ हेक्टरमध्ये पाँच हजार तीन सय १८ हेक्टरमा धान रोपाइँ सकिएको छ । यस्तै, रोल्पामा चार हजार पाँच सय ४७ हेक्टरमध्ये एक हजार आठ सय २० हेक्टर क्षेत्रफलमा धान रोपाइँ सकिएको छ । नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा ४० प्रतिशत धान रोपाइ सकिएको छ । २० हजार चार सय हेक्टरमध्ये आठ हजार एक सय ९२ हेक्टरमा धान रोपाइँ सकिएको छ । रुकुमपूर्वमा ३५४ हेक्टरमध्ये १०६, पाल्पामा आठ हजार दुई सय १० मध्ये ४११ हेक्टरमा रोपाइँ सकिएको छ ।

यस्तै, रुपन्देहीमा ६० हजार पाँच सय ६७ मध्ये ६ हजार ५८, कपिलवस्तुमा ६५ हजार आठ सय ७१ हेक्टरमध्ये ५२७ हेक्टर अर्थात १ प्रतिशत मात्र रोपाइँ भएको निर्देशनालयको तथ्याङ्कले देखाउछ । दाङमा ३७ हजार दुई सय २५ मध्ये एक हजार चार सय ८९ हेक्टरमा रोपाइँ सकिएको छ । यसैगरी बाँकेमा गएको शुक्रबारसम्म रोपाइँ नै सुरु हुनसकेको छैन । बाँकेमा ३४ हजार सात सय ११ हेक्टर जग्गामा धानखेती हुने गरेको छ । बर्दियामा ५० हजार उक सय ५० हेक्टरमध्ये चार हजार दुई सय ६३ हेक्टर, गुल्मीमा सात हजार पाँच सय ३९ मध्ये चीनज सय ९१ र अर्घाखाँचीमा ६ हजार सात सय ६० हेक्टरमध्ये ६७६ हेक्टर क्षेत्रफलमा धान रोपाइँ सकिएको छ ।

सबै भन्दा बढी धान रोपाइ हुने क्षेत्र रहेको कपिलवस्तु, दाङ र बाँके जस्ता जिल्लामा अझै पनि अधिकांश खेतहरु बाझै रहेका छन् । लुम्बिनी प्रदेशमा कुल खेतीयोग्य जमिन ५ लाख ३९ हजार ४ सय ४३ हेक्टर रहे पनि धान खेती ३ लाख ११ हजार हेक्टरमा हुने गरेको छ । सरदर ११ लाख ८५ हजार ४ सय ९३ मेट्रिक टन धान उत्पादन हुने लुम्बिनीमा दुई लाख ७६ हजार आठ सय १९ हेक्टर क्षेत्रफल मात्र सिञ्चित क्षेत्रफलको रुपमा रहेको छ ।

कूल ग्राहर्ंस्थ उत्पादनमा १४ दशमलव ८ प्रतिशत योगदान गरेको लुम्बिनी प्रदेशमा कृषि गणना २०६८ अनुसार ६ लाख ९२ हजार ९ सय ८२ कृषक परिवार संख्या रहेको छ । रोपाइँ ढिलो हुनुमा पानी नपर्नु मात्र एक कारण होइन । किसानले समयमा मल पाएनन्, ईन्धनको मूल्य बढ्दा पनि अधिकांश किसान समयमै खेत जोत्न सकेनन् । खेत जोत्न देखि लिएर पम्पिङ्ग सेटबाट तानेर खेतमा पानी लगाउन अत्यन्तै महँगो पर्ने भएको हुनाले समयमै खेत रोप्न नसकेको किसानको गुनासो छ ।

ओमसतिया गाउँपालिका–३ बस्ने गङ्गाराम चौधरीले गतवर्ष झै यसवर्ष पनि मल पाउन नसकेको बताए । 'मल आउछ तर हामीले पाएका हुँदैनौँ, पहुँच हुनेहरुले लैजान्छन् होला । हामीलाई त भारतबाट ल्याउने मलकै भर हुन्छ ।' चौधरीले भने 'भारतीय मलको भर नै हुँदैन, तौल कम हुने, कमसल हुने लगायतका समस्या हुन्छ ।'

रोपाइँको समयमा डिएपी मलको आवश्यकता हुन्छ । अहिले पनि रासायनिक मलकै भरमा नेपालमा खेती हुने गरिएको पनि किसानले आवश्यक मलको लागि सहकारीमा हप्तौंदेखि पर्खिबस्नु पर्छ । नेपालको लागि वार्षिक औषतमा ११ लाख मेट्रिक टन मलको आवश्यता हुन्छ तर नेपालमा ३ देखि ५ लाख मेट्रिक टनसम्म मात्र मलको आपूर्ति हुदै आएको छ ।

कृषि सामग्री कम्पनी लिमिटेड क्षेत्रीय कार्यालय भैरहवाले लुम्बिनी प्रदेश, सुदुरपश्चिम प्रदेश, कर्णाली प्रदेश र गण्डकी प्रदेशको स्याङ्जा तथा पूर्वी नवलपरासीमा मल पठाउने गरेको छ । अहिले कार्यालयमै मलको अभाव रहेको त्यहाका निमित्त कार्यालय प्रमुख सुमन पन्थी बताउछन । केही ट्रक वीरगञ्जबाट आउनुपर्नेमा बुटवल–नारायणगढको बाटोको कारण आउन नसक्दा पनि समस्या भएको उनको भनाइ छ ।

कृषि सामाग्री कम्पनी भैरहवाको लागि चालु आर्थिक वर्षमा ५६ हजार ५६ दशमलव ४५ मेट्रिक टन यूरिया र ३९ हजार ९२३ दशमलव ४५ मेट्रिक टन डिएपी मल प्राप्त भएकोमा हाल सम्म ४७ हजार ८०७ दशमलव ७ मेट्रिक टन यूरिया र ३१ हजार १९९ दशमलव ४ मेट्रिक टन डिएपी मल वितरण भइसकेको छ । कम्पनीको गोदाममा १० गते सम्म लुम्बिनी प्रदेशको लागि एक हजार ९८३ दशमलव २ मेट्रिक टन युरिया र दुई हजार २४३ दशमलव ३ मेट्रिक टन डिएपी मौज्दात रहेको निमित्त कार्यालय प्रमुख पन्थीले जानकारी दिए । रासस

# बेमौसममा पनि पर्यटकलाई लोभ्याउन 'असारे रोपाइँ महोत्सव'

**गण्डकी ।**
विशेषतः जुन, जुलाई र अगस्टलाई पोखरामा पर्यटकको बेमौसम (अफ सिजन)का रूपमा लिने गरिएको छ । यो समयमा मनसुनजन्य गतिविधि बढ्ने भएकाले पर्यटकको आगमन कम हुने गर्दछ ।

यो यामलाई लक्षित गरी पोखरा आयोजना हुँदै आएको असारे रोपाइँ महोत्सव यतिखेर पर्यटकलाई आकर्षित गर्ने महत्त्वपूर्ण गतिविधि बनेको छ । 'पोखरा सबै मौसमका लागि' भन्ने मूल नाराका साथ प्रत्येक वर्षको असार १५ गते पोखरा पर्यटन परिषद्ले गर्दै आएको असारे रोपाइँ महोत्सव यस वर्षसम्म आइपुग्दा २०औँ संस्करणमा पुगिसकेको हो । परिषद्ले विसं २०६१ देखि बर्सेनि असारे रोपाइँ महोत्सव गर्दै आएको हो । प्रत्येक वर्षको वार्षिक कार्यक्रममा समावेश गरेर पोखराका पर्यटनसम्बद्ध संस्थाको छाता सङ्गठन परिषद्ले गर्दै आएको यो महोत्सव पोखराको महत्त्वपूर्ण पहिचान बनिसकेको परिषद्का अध्यक्ष तारानाथ पहारीले बताए ।

"पोखराको पर्यटनमा अफ सिजनका रूपमा रहेको यो समयमा गर्ने गरिएको असारे रोपाइँ महोत्सवले केही दिनका लागि यहाँ आउने स्वदेशी तथा विदेशी पर्यटकको बसाइँ लम्ब्याउन सहयोग पु¥याएको छ', उनले भने ।

पछिल्ला वर्षमा यही महोत्सवलाई लक्षित गरी आएका पर्यटकको बसाइँ बढ्नुका साथै यहाँ आउनेक्रम पनि बढ्दै जान थालेको यहाँका पर्यटन व्यवसायी बताउँछन् ।

परिषद्ले हरेक वर्ष पोखरा क्षेत्रका विभिन्न ठाउँमा रोपाइँ महोत्सव गर्दै आएकामा यस वर्ष हुने २०औँ संस्करण पोखरा महानगरपालिका–२६ स्थित लेखनाथको गुँदेताल (तालबेँसी) क्षेत्रमा गरिने परिषद्का महासचिव जीवनराज सापकोटाले जानकारी दिनुभयो । उहाँका अनुसार परिषद्को आयोजनामा हुने यस महोत्सवको स्थानीय संयोजन शान्तिप्रेमी आमा समूहले गरेको छ ।

महोत्सवबाट पोखरा तथा गण्डकी प्रदेशमा आन्तरिक तथा बाह्य पर्यटनको प्रवद्र्धनमा थप टेवा पुग्नुका साथै पोखरा भ्रमण वर्ष २०२५ लाई सफल बनाउने, नेपालको परम्परागत कृषि प्रणाली तथा उत्पादन प्रक्रियाको प्रत्यक्ष अवलोकन गर्ने, गुँदेताल र आसपासका पर्यटकीय गन्तव्यको प्रवद्र्धन गर्नेलगायत उद्देश्य राखिएको उनले बताए ।

महासचिव सापकोटाका अनुसार महोत्सवमा हिले दौड, रोपाइँ प्रतियोगिता, हिलोमा माछा छोप्ने प्रतियोगितासँगै उत्कृष्ट कृषक सम्मानलगायत विभिन्न कार्यक्रम राखिएको छ । महोत्सवमा विभिन्न देशका करिब २५० जना विदेशी पर्यटकसँगै स्वदेशी पर्यटकको उल्लेख्य उपस्थिति रहने उनले जानकारी दिए ।

'पर्यटनको बेमौसमका रूपमा रहेको यस समयमा गर्दै आइएको महोत्सवले केही न केही पर्यटकको आगमन बढाएको छ', उनले भने, 'यही रोपाइँ महोत्सवलाई लक्षित गरेर यहाँ बसिरहेका पर्यटकले आफ्नो बसाइँलाई केही दिन लम्ब्याउने गरेका पर्यटन व्यवसायीबाट जानकारी प्राप्त भएको छ ।' असारे रोपाइँ महोत्सव पर्यटनको बेयामका समयमा पनि उपयोगी बन्दै गएको उनले बताए ।

यस संस्करणको महोत्सवको प्रवद्र्धकका रूपमा उद्योग तथा पर्यटन मन्त्रालय, गण्डकी प्रदेश, नेपाल पर्यटन बोर्ड रहेका छन् भने पोखरा महानगरपालिका, पोखरा महानगरपालिका वडा नं २६ को कार्यालय र लेखनाथ उद्योग वाणिज्य सङ्घले सहकार्य गरेका छन् ।

महोत्सवले गुँदे तालसहित समग्र लेखनाथ क्षेत्रको पर्यटन प्रवद्र्धनमा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास लिइएको पोखरा–२६ का वडाध्यक्ष नरेन्द्र थापाले बताए । रासस

# आइएइएको सहयोग स्थगन गर्ने पक्षमा इरानको मतदान 'गलत सङ्केत'

**बर्लिन ।**
जर्मनीले इरानलाई संयुक्त राष्ट्रसङ्घको आणविक निगरानी निकाय (आइएइए)सँग काम गरिरहन आग्रह गर्दै इरानी सांसदहरूले आइएइएसँगको सहकार्य रोक्ने गरेको मतदानलाई 'पूर्णतया गलत सङ्केत' को संज्ञा दिएको छ ।

जर्मनीले इरानी सरकारलाई यो बाटोमा नजान आग्रह गरेको विदेशमन्त्री जोहान बेडफुलले एक पत्रकार सम्मेलनमा बताए ।

बेडफुलको यो टिप्पणी इरान र इजरायलबीच १२ दिनसम्म चलेको युद्ध र इरानको संसद्मा भएको मतदानको एक दिनपछि आएको हो । युद्धका क्रममा अमेरिकाले इरानी आणविक केन्द्र र इजरायलले इरानी आणविक केन्द्रका साथै अन्य स्थलमा आक्रमण गरेका थिए । इरानको सरकारी टेलिभिजनका अनुसार संसदका सभामुख मोहम्मद बागेर गालिबाफले अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीले इरानको आणविक केन्द्रमाथि भएको आक्रमणको निन्दा गर्न समेत अस्वीकार गरेको र आफ्नो अन्तर्राष्ट्रिय विश्वसनीयता लिलामीका लागि राखेको बताएका छन ।

इरानी संसदको निर्णयका लागि अझै पनि इरानको गार्जियन काउन्सिलको अनुमोदन आवश्यक छ, जुन कानूनको परीक्षण गर्ने अधिकार प्राप्त निकाय हो ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आगामी साता अमेरिका र इरानबीच वार्ता हुने बताएपछि वेडफुलले अमेरिका र इरानबीच वार्ता हुने 'आशावादी सङ्केत' देखिएको बताएका छन ।

क्यानडाका समकक्षी नेता अनिता आनन्दसँगको संयुक्त पत्रकार सम्मेलनमा वेडफुलले भने, 'हामी जतिसक्दो चाँडो बाध्यकारी सम्झौताका लागि हाम्रा सबै कूटनीतिक प्रयासलाई अघि बढाइरहेका छौँ ।

बेलायत, फ्रान्स र जर्मनीको तथाकथित इ–३ समूहले कुनै पनि वार्तामा 'केन्द्रीय भूमिका खेल्ने' र 'इरानले स्पष्ट रुपमा युरोपेली घटकको सहयोग चाहेको' उहाँले बताए । रासस/एएफपी

# उत्तर कोरियाले रुसका लागि थप सेना पठाउन लागेको सियोलको दावी

**सियोल**
उत्तर कोरियाले युक्रेनविरुद्धको युद्धमा सघाउन सम्भवतः जुलाई महिनाभित्रै रुसमा थप सैनिक पठाउने दक्षिण कोरियाली सांसदले सियोलको गुप्तचर निकायबाट प्राप्त जानकारीलाई उद्धृत गर्दै बिहीबार बताएका छन् ।

उत्तर कोरियाले रुसको कुस्क क्षेत्रको पुनस्र्थापनाका लागि सैन्य निर्माणकर्ता र सेपर पठाउने रुसको सुरक्षा परिषद्का प्रमुख सर्गेई शोइगुले प्योङ्याङ भ्रमणका क्रममा बताउनुभएको थियो ।

उनको भनाइ एक सातापछि पुष्टि भएको हो ।

'उत्तर कोरियाले रुसलाई आफ्नो सेना पठाउने र हतियार आपूर्ति गर्ने क्रम जारी राखेको छ र कुस्कलाई पुनः कब्जामा लिने मस्कोको प्रयासमा उसको सहयोगले महत्वपूर्ण भूमिका खेलेको हामीले देखेका छौं,' दक्षिण कोरियाली सांसद ली सियोङ–क्वेनले गुप्तचर निकायको जानकारीलाई उद्धृत गर्दै सञ्चारकर्मीसँग भने ।

'गत वर्षको अक्टोबरमा ११ हजार सैनिक पठाएपछि रुसले कुस्कको पुनर्निर्माणमा सहयोग गर्न चार हजार सैनिक र थप छ हजार निर्माणशक्ति परिचालन गर्ने घोषणा गरिसकेको छ,' लीले भने ।

राष्ट्रिय गुप्तचर सेवाको आँकलनअनुसार थप तैनाथी 'जुलाई वा अगष्टको सुरुमा हुन सक्छ' ।

'यसको प्रमाण के हो भने शोइगुले अघिल्लो तैनाथीको समयमा पनि लगभग एक महिना अघि प्योङ्याङको भ्रमण गर्नुभएको थियो र अहिले पनि त्यो देखिन्छ,' लीले भने ।

तयारी पहिले नै चलिरहेको सङ्केत गर्दै उनले भने, 'उत्तर कोरियाले रुस पठाउनका लागि लागि कर्मचारीहरू चयन गर्न सुरु गरिरहेको जानकारी छ ।'

तीन वर्षभन्दा लामो युक्रेनी आक्रमणका क्रममा उत्तर कोरिया रुसको प्रमुख सहयोगी बनेको छ र कुस्कबाट युक्रेनी सेनालाई पछि हटाउन क्रेमलिनलाई सहयोग गर्न हजारौं सैनिक र कन्टेनरभर हतियार पठाएको छ ।

'उत्तर कोरियाले रुसलाई जहाज र सैन्य विमानबाट वितरण गरिने क्षेप्यास्त्र र लामो दूरीको रकेट प्रणालीसहित अनुमानित करोडौं तोपका गोला उपलब्ध गराएको विश्वास गरिन्छ,' लीले भने ।

गत वर्ष रुसी नेता भ्लादिमिर पुटिनको आणविक शक्ति सम्पन्न उत्तर कोरियाको दुर्लभ भ्रमणका क्रममा रुस र उत्तर कोरियाबीच पारस्परिक प्रतिरक्षासम्बन्धी सम्झौतामा हस्ताक्षर भएको थियो ।

दक्षिण कोरियाली गुप्तचर सेवालाई उद्धृत गर्दै लीले भने, 'अहिलेसम्म रुसका लागि लडिरहेका करिब ६०० उत्तर कोरियाली सैनिकको मृत्यु भएको छ भने हजारौं घाइते भएका छन् ।'

प्योङ्याङले गत अप्रिलमा पहिलो पटक युक्रेनमा रुसको युद्धलाई समर्थन गर्न सेना तैनाथ गरेको पुष्टि गरेको थियो ।

उत्तर कोरियाली सरकारी सञ्चारमाध्यमका अनुसार नेता किम जोङ उनले थप सहयोगको योजनाको पुष्टि गर्नुभएको छ तर विस्तृत विवरण भने दिनुभएको छैन । रासस/एएफपी



# आस्था वचत तथा ऋण सहकारी संस्था लि.

**जनकपुरधाम, धनुषा, (मधेश प्रदेश)**

## ऋण तिर्न/बुझाउन आउने ३५ दिने अत्यन्त जरुरी सूचना

यस आस्था बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट तपशिलमा उल्लेखित ऋणी सदस्यहरुले विभिन्न ऋण शिर्षक अन्तर्गत लिनु भएको ऋणको साँवा, व्याज र अन्य दै दस्तुर समेत यसै संस्था संगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई सो सम्बन्धमा पटक पटक टेलिफोन, प्रत्यक्ष भेटघाट तथा पत्र मार्फत अनुरोध गर्दा पनि ऋणको साँवा, व्याज र अन्य दै दस्तुर समेत संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नबुझाई ऋण सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण चुक्ता, भुक्तान गर्नको लागि यो ३५ दिने सूचना प्रकाशित गरिएको छ। यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको ऋणको सम्पूर्ण साँवा, व्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नको लागी अनुरोध गरिन्छ। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको ऋणको साँवा, व्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा सहकारी ऐन २०७४ को दफा ७९ को उपदफा १, सहकारी नियमावली २०७५, संस्थाको विनियम तथा ऋण नीति बमोजिम संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं। सुरक्षणमा रहेको सम्पूर्ण बचत तथा शेयर रकमबाट असुलउपर गरिलिने र सहकारी ऐनको दफा ८० बमोजिम कालो सुचिमा समावेश गरि अन्य कानुनी प्रक्रिया समेत अगाडी बढाउने र संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, व्याज, हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ।

| | | | |
|---|---|---|---|
| ऋण सं. | : ००१०१०००००३ | ऋण सं. | : ००१०५०००००३ |
| ऋणी को नाम | : मिठु महरा चमार | ऋणी को नाम | : किरण कुमारी बरही |
| बाबु | : बिलट महरा | पति | : प्रदिप ठाकुर बरही |
| बाजे | : नथुनी महरा | ससुरा | : बिकु ठाकुर बरही |
| ठेगाना | : जि. धनुषा , क्षिरेस्वरनाथ -०२ सखुवा | ठेगाना | : जि. धनुषा, धनुषाधाम न.पा. उमाप्रेमपुर ७ |
| हाल ठेगाना | : जि. धनुषा , क्षिरेस्वरनाथ -०६ सखुवा | हाल ठेगाना | : जि. धनुषा, धनुषाधाम न.पा. उमाप्रेमपुर ९ |
| ऋण लिएको मिति | : २०७४/०३/२२ | ऋण लिएको मिति | : २०७३/०५/०८ |
| भाखा नाघेको मिति | : २०७६/०३/२१ | भाखा नाघेको मिति | : २०७५/०५/०७ |
| ऋण सं. | : ००१०२०००००८ | ऋण सं. | : ००१०२००००२३ |
| ऋणी को नाम | : राम बाबु सहनी | ऋणी को नाम | : ललिता देवी महरा |
| बाबु | : असर्फी सहनी | पति | : कपिलदेव महरा |
| बाजे | : बासुदेव सहनी | ससुरा | : खेहरु महरा चमार |
| ठेगाना | : जि धनुषा जनकपुरधाम -२४ बसहिया | ठेगाना | : जि धनुषा जनकपुरधाम -१२ |
| हाल ठेगाना | : जि धनुषा जनकपुरधाम -२४ बसहिया | हाल ठेगाना | : जि धनुषा जनकपुरधाम -१२ |
| ऋण लिएको मिति | : २०७१/०८/१९ | ऋण लिएको मिति | : २०७४/०३/०५ |
| भाखा नाघेको मिति | : २०७३/०८/१८ | भाखा नाघेको मिति | : २०७६/०३/०४ |
| ऋण सं. | : ००१०२००००४१ | ऋण सं. | : ००१०१०००००५ |
| ऋणी को नाम | : मैया देवी कामिनी | ऋणी को नाम | : तपेश्वर महतो |
| पति | : दिलबहादुर बिस्वकर्मा | बाबु | : बलदेव महतो |
| ससुरा | : धौले कामी | बाजे | : जिया महतो |
| ठेगाना | : जि धनुषा यज्ञभूमि -०९ | ठेगाना | : जि-धनुषा, घोडघास -२ |
| हाल ठेगाना | : जि धनुषा धनुषाधाम न पा-९ यज्ञभुमि धारापानी | हाल ठेगाना | : जि-धनुषा,नगराइन न पा -९ घोडघास |
| ऋण लिएको मिति | : २०७५/०९/११ | ऋण लिएको मिति | : २०७५/०८/११ |
| भाखा नाघेको मिति | : २०८०/०९/१० | भाखा नाघेको मिति | : २०८१/०५/२० |
| ऋण सं. | : ००१०२००००४६ | ऋण सं. | : ००१०२०००००१ |
| ऋणी को नाम | : बुधेशवर मुखिया बिन | ऋणी को नाम | : जिबछी देवी कुर्मिनी |
| बाबु | : चन्दर मुखिया बिन | पति | : नथुनी राउत |
| बाजे | : भिलाई मुखिया बिन | ससुरा | : जनक राउत |
| ठेगाना | : जि धनुषा बटेश्वर गा पा -६ भुचक्रपुर | ठेगाना | : जि धनुषा जनकपुरधाम -१३ |
| हाल ठेगाना | : जि धनुषा बटेश्वर गा पा -६ भुचक्रपुर | हाल ठेगाना | : जि धनुषा जनकपुरधाम -१३ |
| ऋण लिएको मिति | : २०७५/११/०१ | ऋण लिएको मिति | : २०७०/०१/१० |
| भाखा नाघेको मिति | : २०८०/१०/२९ | भाखा नाघेको मिति | : २०७२/०१/०९ |
| ऋण सं. | : ००१०२००००१० | ऋण सं. | : ००१०२००००३३ |
| ऋणी को नाम | : शोभित राउत बेल्दार | ऋणी को नाम | : बिर बहादुर समाल |
| बाबु | : चेथरु राउत | बाबु | : सोम बहादुर समाल |
| बाजे | : बौजन राउत | बाजे | : लाग्रे समाल |
| ठेगाना | : जि-धनुषा, घोडघास -२ | ठेगाना | : जि धनुषा बटेश्वर गा पा -३ भुचक्रपुर |
| हाल ठेगाना | : जि-धनुषा, नगराइन घोडघास -९ | हाल ठेगाना | : जि धनुषा बटेश्वर गा पा -२ भुचक्रपुर |
| ऋण लिएको मिति | : २०७१/१०/०८ | ऋण लिएको मिति | : २०७५/०६/२५ |
| भाखा नाघेको मिति | : २०७३/१०/०७ | भाखा नाघेको मिति | : २०८०/०६/२४ |
| ऋण सं. | : ००१०१०००००७ | ऋण सं. | : ००१०२०००००२ |
| ऋणी को नाम | : सोनाबती पासवान | ऋणी को नाम | : राम प्रसाद मण्डल |
| पति | : शिवजी पासवान | बाबु | : श्री राम देव मंडल |
| ससुरा | : विशेश्वर पासवान | बाजे | : श्री मनसिफ मंडल |
| ठेगाना | : जि धनुषा बटेश्वर गा पा -७ भुचक्रपुर | ठेगाना | : जि धनुषा धनुषाधाम न पा-८ यज्ञभुमि कुम्हारा |
| हाल ठेगाना | : जि धनुषा बटेश्वर गा पा -७ भुचक्रपुर | हाल ठेगाना | : जि धनुषा धनुषाधाम न पा-९ यज्ञभुमि कुम्हारा |
| ऋण लिएको मिति | : २०७६/०१/०४ | ऋण लिएको मिति | : २०७०/०६/११ |
| भाखा नाघेको मिति | : २०८१/०१/०३ | भाखा नाघेको मिति | : २०७२/०६/१० |
| ऋण सं. | : ००१०२००००२० | ऋण सं. | : ००१०५०००००५ |
| ऋणी को नाम | : अमर मण्डल | ऋणी को नाम | : मोति कुमारी डुम्जन लामा |
| बाबु | : गनौर मण्डल | पति | : मित्रा लाल डुम्जन |
| बाजे | : वौका मण्डल | ससुरा | : मान बहादुर डुम्जन |
| ठेगाना | : जि धनुषा कपिलेश्वर -१६ | ठेगाना | : जि धनुषा, क्शिरेश्वरनाथ न.पा. हरिहरपुर ०७ |
| हाल ठेगाना | : जि धनुषा जनकपुरधाम -१६ ,कपिलेश्वर | हाल ठेगाना | : जि धनुषा, क्शिरेश्वरनाथ न.पा. हरिहरपुर ०७ |
| ऋण लिएको मिति | : २०७३/०९/१९ | ऋण लिएको मिति | : २०७३/०६/०७ |
| भाखा नाघेको मिति | : २०७५/०९/१८ | भाखा नाघेको मिति | : २०७५/०६/०६ |
| ऋण सं. | : ००१०५०००००१ | ऋण सं. | : ००१०२०००००३ |
| ऋणी को नाम | : कुमारी देवी | ऋणी को नाम | : राज किशोर यादव |
| पति | : राजीन्द्र दास तत्मा | बाबु | : जगदीश यादव |
| ससुरा | : बद्रिदास तत्मा | बाजे | : संत यादव |
| ठेगाना | : जि धनुषा मानसिंहपट्टि -०१ | ठेगाना | : जि. धनुषा, जनकपुर-१६, कपिलेशवर |
| हाल ठेगाना | : जि धनुषा जनकपुरधाम -१७ | हाल ठेगाना | : जि. धनुषा, जनकपुर-१६, कपिलेशवर |
| ऋण लिएको मिति | : २०७३/०३/०७ | ऋण लिएको मिति | : २०७०/०९/२६ |
| भाखा नाघेको मिति | : २०७५/०३/०६ | भाखा नाघेको मिति | : २०७२/०९/२५ |
| ऋण सं. | : ००१०१०००००८ | ऋण सं. | : ००१०२००००२२ |
| ऋणी को नाम | : भरत ठाकुर | ऋणी को नाम | : राम बहादुर रमौली |
| बाबु | : राम भजन ठाकुर | बाबु | : गोविन्द बहादुर रमौली |
| बाजे | : जनक ठाकुर | बाजे | : भोधा बहादुर रमौली |
| ठेगाना | : जि - धनुषा, जनकपुरधाम -०४ | ठेगाना | : जि धनुषा बटेश्वर गा पा -३ भुचक्रपुर |
| हाल ठेगाना | : जि - धनुषा, जनकपुरधाम -०४ | हाल ठेगाना | : जि धनुषा बटेश्वर गा पा -२ भुचक्रपुर |
| ऋण लिएको मिति | : २०७७/११/०४ | ऋण लिएको मिति | : २०७४/०२/२५ |
| भाखा नाघेको मिति | : २०७९/११/०३ | भाखा नाघेको मिति | : २०७६/०२/२४ |
| ऋण सं. | : ००१०२००००३९ | ऋण सं. | : ००१०५०००००२ |
| ऋणी को नाम | : मो. मसलेहुद्दीन | ऋणी को नाम | : श्रीमती शिव कुमारी राउत |
| बाबु | : तैयब हुसैन | पति | : नबल किशोर राउत |
| बाजे | : शेष तहरहुद्दीन | ससुरा | : महेश्वर राउत |
| ठेगाना | : जि धनुषा लोहन -८ | ठेगाना | : जि धनुषा फुलगामा -०४ |
| हाल ठेगाना | : जि धनुषा जनकपुरधाम २५ लोहन | हाल ठेगाना | : जि धनुषा नगराइन न पा फुलगामा -०४ |
| ऋण लिएको मिति | : २०७५/०९/०६ | ऋण लिएको मिति | : २०७३/०५/०७ |
| भाखा नाघेको मिति | : २०८०/०९/०५ | भाखा नाघेको मिति | : २०७५/०५/०६ |

# 'महिलालाई अधिकार प्राप्त छ पर्याप्त छैन': बस्नेत



**काठमाडौँ ।**
नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं प्रतिनिधिसभाका सांसद अम्बिका बस्नेतले देशको आर्थिक विकास र समृद्धिका लागि प्रमुख राजनीतिक शक्ति एक ठाउँमा आएर सहकार्य र समन्वय गर्नुपर्नेमा जोड दिएका छन् ।

उनले प्रमुख राजनीतिक दलको नेतृत्व, सहकार्य र बलिदानीका कारण व्यवस्था परिवर्तन भई लोकतान्त्रिक गणतन्त्र स्थापना भएकाले अब जनताको अवस्था फेर्न ती शक्ति मिलेर जानुपर्ने आवश्यकतामा औँल्याए ।

लोकतन्त्र स्थापनाका लागि भएको सत्याग्रह र आन्दोलनमा पटकपटक जेल जीवन बिताएकी सांसद बस्नेतले विसं २०२९ देखि राजनीतिक यात्रा सुरु गरेका हुन । उनि विसं २०५९ मा नेपाल महिला सङ्घको केन्द्रीय सदस्य र विसं २०६१ मा नेपाली कांग्रेसको काठमाडौँबाट जिल्ला सदस्य भईन ।

नेपाल महिला सङ्घको अध्यक्षको जिम्मेवारी सम्हालेकी सांसद बस्नेत पार्टीको १२औँ र १३औँ महाधिवेशनबाट केन्द्रीय सदस्यमा निर्वाचित भईन । उनि विसं २०६४ र विसं २०७० मा संविधानसभा सदस्य हुनुभएको थियो । अर्थशास्त्रमा स्नातक गर्नुभएकी बस्नेत पूर्वसहकारी तथा गरिबी निवारणमन्त्रीसमेत बन्नी थिईन ।

सांसद बस्नेतसँग राससका समाचारदाता सुशील दर्नालले उनको संसदीय अभ्यास, संविधान कार्यान्वयन र संशोधन, देशको आर्थिक विकासलगायत समसामयिक विषयमा गर्नुभएको अन्तर्वार्ताको सम्पादित अंशः

**तपाईंको अहिलेसम्मको संसदीय अनुभव कस्तो रह्यो ?**
संसद्ले आवश्यकताका आधारमा संविधानको मर्मअनुसार कानुन निर्माण गरिरहेको छ । संसद्मा जनताका विषयवस्तु पनि उठेका छन् । तर, जति कानुन निर्माण गर्नुपर्ने हो, त्यति हुन सकेको छैन । सदनमा उठेका जनताका विषयलाई सरकारले पनि त्यति कार्यान्वयन गरेको जस्तो लाग्दैन । अहिले संसद्मा एउटा पार्टीले अर्कोलाई गाली गर्ने वा असन्तुष्टि व्यक्त गर्ने प्रवृत्ति छ । असन्तुष्टि व्यक्त गरे पनि मुलुकको हितका विषयमा सबै एकजुट हुनुपर्छ । संसदीय अभ्यासलाई परिस्कृत गर्दै लैजानुपर्छ । सदन भनेको जनताको आवाज उठाउने स्थान हो । तर, त्यसअनुसार जनताको सवाल पर्याप्त उठेका छैनन् ।

**संविधान कार्यान्वयनको अवस्थालाई कसरी विश्लेषण गर्नुभएको छ ?**
संविधान पूर्ण रूपमा कार्यान्वयन भएको छैन । यदि पूर्ण रुपमा कार्यान्वयन भएको भए जनताबाट गुनासाहरू आउने थिएनन् । नेताहरूले भत्ता मात्रै खाए भन्ने जनताको गुनासो छ । त्यसैले हामीले संविधानलाई पूर्ण रूपमा कार्यान्वयन गर्न सकेका छैनौँ । सङ्घीयता कार्यान्वयनसँग जोडिएका शिक्षा, निजामती र प्रहरी ऐन अझै बन्न सकेको छैन । संविधानमा उल्लेख महिलाको अधिकार पनि पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन ।

**महिला अधिकारको दृष्टिकोणबाट संविधान पूर्ण छ ?**
महिलाको अधिकारको दृष्टिकोणबाट हेर्दा संवैधानिक रूपमा हामी दक्षिण एसियामा अगाडि छौँ । हिजो र आजको अवस्थालाई तुलना गर्दा महिलाले अधिकार प्राप्त गरेका छन्, तर पर्याप्त छैन । अहिले पनि राज्यका संरचनामा महिलाको सहभागिता कमजोर छ । मन्त्रिपरिषद्मा महिलाको सहभागिता न्यून जस्तै छ । नीति निर्माण गर्ने मुख्य निर्णायक ठाउँमा अझै पनि महिला पुग्न सकेका छैनन् । कार्यकारी पदमा महिला पुग्न सकेका छैनन् । त्यसकारण महिलाको दृष्टिकोणबाट हेर्दा संविधान पूर्ण छैन ।

**संविधान संशोधनको विषयलाई कसरी हेर्नुभएको छ ?**
संविधान संशोधन गर्ने विषय संवैधानिक अधिकार हो । संविधानका केही विषयमा संशोधन गर्नुपर्ने आवश्यकता पनि छ । जस्तो निर्वाचनको विषयमा संशोधन गर्नुपर्ने छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्र, समावेशी/समानुपातिक व्यवस्था र धर्मनिरपेक्षतालगायत संविधानका सुन्दर पक्षलाई असर नपर्ने गरी निर्वाचन प्रणालीमा संशोधन गरेर सहज बनाउनुपर्छ । हाम्रो निर्वाचन प्रणाली अलि महँगो छ ।

**युवाको विदेश पलायन रोक्न के गर्नुपर्ला ?**
युवाको विदेश पलायन बढ्दै जाँदा देशमा ज्येष्ठ नागरिक मात्रै छन् भनिरहेका छौँ । तर आफैँ आफ्ना छोरा÷छोरीलाई विदेश पठाइरहेका छौँ । सबै सरकारले गरिदिएर हुँदैन । देशमा केही गर्ने जोस्जागर युवामा हुनुपर्छ । नेपाली युवा विदेश गएर जुन काम गर्न पनि तयार हुने, तर देशमा हिनता बोध गर्ने भन्ने हुँदैन । अहिले विदेश नगएर देशभित्रै बसेका युवाले केही न केही गरिरहेका छन् । युवा पलायन रोक्न राज्यले रोजगारीको क्षेत्रमा लगानी बढाउनुपर्छ । शिक्षामा लगानी बढाउनुपर्छ, गुणस्तरीय र प्राविधिक शिक्षामा जोड दिनुपर्छ । नकारात्मक प्रचारप्रसार र गलत आचार रोक्न जनचेतना जगाउनुपर्छ । गर्ने चाहने हो भने यहाँ जे पनि छ ।

**देशलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउन के गर्नुपर्छ ?**
हाम्रो कृषिप्रधान देश हो । अहिले कृषिमा रुचि कम हुँदै गएकाले खेतबारी बाझा हुँदै गएका छन् । अब सरकारले कृषिमा लगानी बढाउनुपर्छ । त्यसका लागि निर्यातमुखी उत्पादनमा जोड दिनुपर्छ । किसानलाई समयमै मल, बीउ, कृषि औजार र प्रविधि उपलब्ध गराउनुपर्छ । भाषण गरेर मात्र हुँदैन । अर्कातर्फ पर्यटनको सम्भावना त्यत्तिकै छ । पर्यटनलाई हामीले व्यवस्थित गर्न सकेका छैनौँ । पर्यटन क्षेत्रमा राज्यले लगानी नै गर्न सकेको छैन । हामी पानीमा धनी छौँ । हामीसँग भएको पानीबाट बिजुली उत्पादन गरेर अरु देशलाई बेच्न सक्छौँ । त्यसका लागि सोच र योजनामा परिवर्तन गर्नुपर्छ । इलम गर्न चाहना राख्नेलाई नेपालमा सम्भावना नै सम्भावना छन् ।

**वर्तमान राजनीतिक व्यवस्थाप्रति तपाईंको धारणा के छ ?**
केही व्यक्ति विशेषले चाहँदैमा सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था परिवर्तन हुँदैन । यो व्यवस्था ल्याउन जनताले ठूला बलिदान र सङ्घर्ष छ । लोकतन्त्र ल्याउन नागरिक समाज, मजदुर र किसान सबैको उत्तिकै भूमिका छ । बरु अहिलेको व्यवस्थालाई थप सुधार गर्दै जानुपर्छ । जनतामा राजनीतिक पार्टीप्रति असन्तुष्टि छ । त्यो असन्तुष्टि दलका नेताले व्यवहार र कामबाट चिर्नुपर्ने आवश्यकता छ । जसरी सबै मिलेर व्यवस्था ल्याएका थियौँ, त्यसरी व्यवस्थालाई बलियो बनाउन पनि सबै लाग्नुपर्छ ।

**नेपालका ठूला राजनीतिक पार्टीलाई तपाईंको केही सुझाव छ ?**
देशको व्यवस्था परिवर्तन भएर गणतन्त्र स्थापना भएको छ । यो परिवर्तन नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) लगायत ठूला राजनीतिक दल र आमजनताको सङ्घर्षबाट आएको हो । अब आमनागरिकको अवस्था फेर्नुपर्ने बेला आएको छ । जनताको अवस्था परिवर्तन गर्ने बेलामा दलहरू एकले अर्कालाई गाली गरेर हुँदैन । एक आपसमा मिलेर जानुपर्छ । राजनीतिक आस्था आफ्नो ठाउँमा राखेर जनताको निम्ति काम गर्नुपर्छ । हिजो चुनावको समयमा राजनीतिक आस्थाको कुरा भएको होला, तर चुनावपछि सबै दलहरू मिलेर विकास गर्नुपर्ने आवश्यकता छ । देशलाई सु–संस्कृत र समृद्ध बनाउँदै सुशासन कायम गर्नुपर्छ । देशको आर्थिक अवस्था कसरी सुधार गर्ने भन्नेतर्फ ठूला राजनीतिक दलले योजनाबद्ध काम गर्नुपर्ने छ । दलहरू प्रतिशोध साँधेर होइन, मिलेर अगाडि बढ्नुपर्छ ।

**सुशासन कायम गर्न के गर्नुपर्छ ?**
सुशासन देश विकासको पहिला शर्त हो । त्यसैले सुशासन कायम गर्न भ्रष्टाचारको अन्त्य गर्नुपर्छ ।

भ्रष्टाचार अन्त्य गर्न कानुनको कडाइकासाथ पालना र कार्यान्वयन गर्नुपर्छ । अहिले कुनै पनि सरकारी निकायमा समयमा काम हुँदैन । जनताले पाउनुपर्ने सरकारी सेवा पनि पहुँचका आधारमा हुन्छ । त्यसको अन्त्य गरिनुपर्छ । सरकारले कानुनसम्मत काम गर्नुपर्छ । कसैले पनि कानुनभन्दा बाहिर गएर केही गर्नु हुँदैन । सुशासनका लागि सरकारी सेवामा ढिलासुस्ती हुनु हुँदैन । नेता, राजनीतिक कार्यकर्ता, कर्मचारी र प्रहरी प्रशासन सबैले कानुनसम्मत काम गर्नुप¥यो । अर्को कुरा जनता पनि सचेत हुनुपर्छ । हामीले सानो काम गराउँदा घुस दिन्छौँ । अनि कसरी सुशासन कायम हुन्छ ?

**प्रहरी ऐन कस्तो हुनुपर्छ ?**
प्रहरीसम्बन्धी विधेयक अहिले राज्यव्यवस्था तथा सुशासन समितिमा आएको छ । घटना हुनेबित्तिकै प्रहरी घटनास्थल पुग्ने साधनस्रोत र कानुनी व्यवस्था गर्नुपर्छ । प्रहरी सङ्गठनमा देखिएका विकृति र विसङ्गति अन्त्य गर्ने विषयमा ऐन केन्द्रित हुनुपर्छ ।रासस

# वीरगंजबाट ३१९ किलो चरेससहित एक जना पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजबाट प्रहरीले ठूलो परिमाणमा लागू औषध चरेससहित एक जनालाई पक्राउ गरेको छ । प्रहरीले ३ सय १९ केजी चरेससहित मकवानपुरको थाहानगरपालिका वडा नम्बर–१२ घर भएका ३६ वर्षीय बुद्धिबहादुर स्याङ्तानलाई पक्राउ गरेको हो । पर्सा जिल्लामा सम्भवत एकपटकमा यतिधेरै परिमाणमा चरेस बरामद गरिएको पहिलो घटना भएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । चरेससहित पक्राउ परेका स्याङ्तानको साथबाट १ लाख ९२ हजार रुपैयाँ रकमपनि प्रहरीले बरामद गरेको छ । बुधबार बेलुकी बाराको परवानीपुरबाट वीरगंजको सिर्सिया सुख्खा बन्दरगाह (ड्राइपोर्ट) तर्फ जाँदै गरेको प्रदेश



२–०३–००१ ख ६३४८ नम्बरको ट्रकलाई प्रहरीले परवानीपुर चोकमा रोकेर चेकजाँच गरेको थियो । त्यसक्रममा उक्त ट्रकको सामान लोड गर्ने भागमा प्लाष्टिकको बोराभित्र पोका बनाएर राखिएको अवस्थामा ३ सय १९ केजी चरेस बरामद भएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख तथा प्रहरी उपरीक्षक गौतम मिश्रले बताए । ट्रकबाट चरेस बरामद भएपछि त्यसका चालक स्याङ्तानलाई पनि नियन्त्रणमा लिइएको उनले जानकारी दिए । खानतलासीका क्रममा चालक स्याङ्तानले लगाएको पाइन्टको खल्तीबाट नगद १ लाख ९२ हजार रुपैयाँ रकमपनि बरामद गरिएको मिश्रले बताए । बरामद चरेसको बजार मूल्य करिब १ करोड रुपैयाँ रहेको अनुमान गरिएको उनले बताए । पक्राउ परेका ट्रक चालकले उक्त चरेस आँफुले धादिङबाट ट्रकमा लोड गरेर ल्याएको र वीरगंजको ड्राइपोर्ट नाका हुदैं भारतमा पुर्याउने योजनामा रहेको प्रहरीलाई बयान दिएको प्रहरी उपरीक्षक मिश्रले जानकारी दिए । चरेससहित पक्राउ परेका स्याङ्तानलाई प्रहरी हिरासतमा राखेर उनिविरुद्ध पर्सा जिल्ला अदालतबाट पाँच दिनको म्याद थपको अनुमति लिई थप अनुसन्धान भइरहेको मिश्रले बताए । बिहीबार जिल्ला प्रहरी कार्यालय पर्सामा आयोजित पत्रकार सम्मेलनमा प्रहरी उपरीक्षक मिश्रले चरेसको तस्करीमा संलग्न अन्य व्याक्तिहरुको बारेमापनि प्रहरीले सुक्ष्म ढंगले अनुसन्धान गरिरहेको बताए ।

# पुल निर्माणमा १ करोड, पोषणमा १७ करोड

**मधेशदृष्टि**
**सिरहा ।**
हुलाकी राजमार्गअन्तर्गत कमला नदीमा निर्माणाधीन पुल वर्षौंदेखि अलपत्र अवस्थामा रहेको छ । अझैसम्म सञ्चालनमा नआएको यो पुल भत्किसकेको छ भने मर्मतको नाममा पनि वर्षौंदेखि ढिलोढालो काम भइरहेको छ ।

तर, स्थानीय बासिन्दाका अनुसार मर्मतपछि सञ्चालनमा आउने सम्भावना अत्यन्त न्यून छ । दैनिक हजारौं नागरिक जोखिम मोलेर कमला नदी तर्ने बाध्यतामा छन् । वर्षौंदेखि पुलको निर्माण र मर्मतका लागि पटक–पटक आन्दोलन भए पनि समस्या जस्ताको त्यस्तै छ । सिरहाका युवाहरूले



पटक–पटक आन्दोलन गर्दै मधेश सरकारलाई आफ्नै स्रोतबाट पूल निर्माणको माग गर्दै आएका छन् । मधेश सरकारले आश्वासन दिए पनि ठोस पहल भने गर्न सकेको छैन ।

यो अत्यावश्यक संरचनाको निर्माणका लागि सरकारले चालु आर्थिक वर्षमा जम्मा १ करोड रुपैयाँ मात्र विनियोजन गरेको छ । त्यही एक करोड रुपैयाँ विनियोजनलाई लिएर मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले 'कमला नदीको पुलका लागि बजेट ल्याएको' भनी प्रचारप्रसार गरिरहेका छन् । तर, विरोधीहरूले भने बजेटको प्राथमिकता र उद्देश्यमा प्रश्न उठाएका छन् । उनीहरूको भनाइमा, प्रदेश सरकारले पुलजस्तो जनजीवनसँग प्रत्यक्ष सम्बन्ध राख्ने पूर्वाधारमा न्यून बजेट छुट्याएको छ । तर, पोषण कार्यक्रमका नाममा झण्डै एक अर्ब रुपैयाँ विनियोजन गरिएको छ । विगतका वर्षहरूमा पोषण कार्यक्रममा अधिकतम २० करोड रुपैयाँ मात्र विनियोजन हुने गरेको थियो । तर, चालु वर्षमा ९७ करोड ६० लाख रुपैयाँ विनियोजन गरिएको छ । यो बजेटले वास्तविक पोषण सुधारभन्दा पनि बिचौलिया र योजनाविहीन खर्चलाई मलजल गर्ने अनुमान आलोचकहरूले गरेका छन् । कमला नदी पार गर्दै आएका सिरहाका स्थायी बासिन्दा जीवन ठाकुर भन्छन्, 'हामीलाई खाने टन्टलापुर बजेट चाहिएको होइन, जीवनरक्षा गर्ने पूल चाहिएको हो ।'

# संघीय गणतान्त्रिक गठबन्धनको 'संयुक्त जनजागरण अभियान' घोषणा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मुलुकको बदलिँदो राजनीतिक परिदृश्यलाई मध्यनजर गर्दै संघीय गणतान्त्रिक गठबन्धनले संविधान संशोधन, सामाजिक न्याय र पहिचानको प्रत्याभूतिका लागि 'तेस्रो जनआन्दोलन अपरिहार्य' भएको निष्कर्ष निकालेको छ । नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष तथा पूर्वगृह राज्यमन्त्री मोहम्मद रिजवान अन्सारीको अध्यक्षतामा सम्पन्न बैठकले देशव्यापी 'संयुक्त जनजागरण अभियान' घोषणा गर्दै सबै उत्पीडित, पहिचानवादी र सामाजिक न्यायप्रेमी शक्तिहरूलाई एकजुट हुन



आह्वान गरेको हो । बैठकमा बहुजन एकता पार्टीका हरिनन्दन अम्बेडकर, नेपाल सद्भावना पार्टीका रामकुमार महतो, जनजागृति पार्टीका धुपलाल निशाद, ऐतिहासिक जनता पार्टीका बद्री ठाकुर, प्रदेश सांसद बिमला अन्सारी लगायत शीर्ष नेताहरू सहभागी थिए । बैठकमा नेताहरूले वर्तमान संविधान अपेक्षाअनुसार बन्न नसकेको, न्याय, सुशासन र समावेशीताको अभाव रहेको तथा भ्रष्टाचार संस्थागत रूपमा मौलाएको भन्दै चिन्ता व्यक्त गरे । नेता अन्सारीले भने, 'देश अझै सामाजिक अन्याय, वर्गीय विभेद र पहिचानको अपमानबाट मुक्त भएको छैन ।

यस्तो अवस्थामा निर्णायक आन्दोलन अपरिहार्य देखिएको छ ।' गठबन्धनले ६ महिनाभित्र सातै प्रदेश र ७७ जिल्लामा संगठन विस्तार गर्ने निर्णय गरेको छ । साथै, बैठकले पाँच सदस्यीय वार्ता समिति गठन गरी अन्य प्रगतिशील दल, संगठन तथा स्वतन्त्र समूहहरूलाई गठबन्धनमा आवद्ध गराउने कार्य प्रारम्भ गर्ने निर्णय पनि गरेको छ । गठबन्धनले असार २१ बाट सर्लाहीबाट शुरु गरी श्रावण २९ मा जनकपुरधाममा मधेश प्रदेशस्तरीय भेलासम्मका कार्यक्रम तय गरेको छ । विराटनगरमा कोशी प्रदेशस्तरीय भेला पनि साउन १९ मा हुने जनाइएको छ ।

गठबन्धनले संविधानमा आमजनताको भावना अनुसार संशोधन, न्याययुक्त समाजको निर्माण, सुशासनको प्रत्याभूति तथा स्थायी शान्ति र समृद्धिको लागि संघर्ष जारी राख्ने अडान दोहोर्याएको छ । नेता अन्सारीले भने, 'यो गठबन्धन सत्ता नभइ सशक्त विकल्प बन्ने दिशामा अघि बढेको छ । उत्पीडित जनताको राज्यसत्तामा सहभागिता सुनिश्चित नगरी समावेशी लोकतन्त्र सम्भव छैन ।'

# उर्जामन्त्रीले गरे निर्माण स्थलको निरीक्षण

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले जनकपुरधाममा निर्माण गर्न लागेको 'प्रदेश गौरवको आयोजना' विद्युतिय शवदाह गृहको निर्माण स्थलको ऊर्जा, सिचाई तथा खानेपानी मन्त्री शेषनारायण यादवले स्थलगत निरीक्षण गरेका छन् । गंगासागर पोखरीको डिलमा अवस्थित स्वर्गद्वारको पछाडि करीब ३ कट्ठा क्षेत्रफलमा निर्माण हुने शवदाह गृहको निरीक्षण मन्त्री यादवले बिहीवार मन्त्रालयका निमित्त सचिव रामकुमार खंग, खानेपानी महाशाखाका लक्ष्मी पन्त र सम्झना लामिछानेसहितको प्राविधिक टोलीसंगै गरेका हुन् ।

स्वर्गद्वार संरक्षण समितिका संरक्षक पवन सिंघानियाले टोलीलाई निर्माणस्थलको अवलोकन गराउँदै हालको अवस्था बारे जानकारी गराएका



थिए । मन्त्री यादवले विद्युतिय शवदाह गृह निर्माणले जनकपुरधामको शहरी सौन्दर्य थप्ने, वातावरणीय प्रदुषण न्यूनीकरण गर्ने र जनतालाई सस्तो, छरितो र वैज्ञानिक सेवा दिने उल्लेख गरे । 'यो परियोजना आर्थिक, सामाजिक र वातावरणीय दृष्टिले महत्वपूर्ण छ,' मन्त्री यादवले भने, 'शव दाहका क्रममा प्रयोग हुने काठ र अन्य सामग्रीमा लाग्ने अत्यधिक खर्च बच्नेछ, जंगल जोगिनेछ, प्रदूषण हुने छैन ।' उनका अनुसार दुई वर्षभित्र सम्पन्न हुने लक्ष्यसहितको साढे दुई तले भवनमा दुईवटा शवदाह ट्रली बेड, भृन्चुरी स्क्रबर, वेट स्क्रबर, चिम्नी, अस्थि व्यवस्थापनलगायतका वातावरणीय संरचना रहनेछन् । यसका लागि चालु आर्थिक वर्षमै ११ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ । मन्त्रालयका निमित्त सचिव खंगका अनुसार परम्परागत शवदाह विधिमा जहाँ एकपटक शव दहनमा १०–१२ हजार रुपैयाँ खर्च हुन्छ, विद्युतिय प्रणालीमा त्यो खर्च बढीमा ३ हजार रुपैयाँ हुनेछ । मधेश सरकारले चालु वर्षमा दर्जनौं शमशानस्थलको निर्माण तथा सौन्दर्यीकरण गरिसकेको छ भने आगामी वर्षको बजेटमा पनि यस्ता आयोजनाका लागि रकम छुट्याइएको छ । निर्माण सम्पन्न भएपछि शवदाह गृह जनकपुरधाम उपमहानगरपालिकालाई हस्तान्तरण गरिने र कार्यविधि बनाएर स्वर्गद्वार समितिमार्फत सञ्चालन गरिने निर्णय सरोकारवालासँगको बैठकबाट भइसकेको मन्त्रालयले जनाएको छ । विद्युतिय शवदाह गृहले धार्मिक, सांस्कृतिक र पर्यटकीय दृष्टिले समेत महत्वपूर्ण मानिने स्वर्गद्वार क्षेत्रको सौन्दर्य र सम्भावना झनै बढाउने विश्वास छ ।

# प्रधानमन्त्रीको स्पेन भ्रमणले नेपाललाई कुनै उपलब्धी हुँदैनः प्रभु साह

**मधेशदृष्टि**
**वीरगंज ।**
आम जनता पार्टीका अध्यक्ष एवम् सांसद प्रभु साहले जनता बाढीपहिरोको चपेटामा परिरहेका बेला प्रधानमन्त्रीसहित आधा दर्जन मन्त्री विदेश भ्रमणमा जानु उचित नभएको बताएका छन् । वीरगंजमा भएको पत्रकार सम्मेलनमा अध्यक्ष साहले प्रधानमन्त्रीको स्पेन भ्रमणले नेपाललाई कुनै उपलब्धी नहुने दाबी गरे । उनले जनताले तिरेको कर नेताहरुको स्वार्थका लागि मात्र खर्च भइरहेको बताए ।

उनले वीरगंजबासीले पनि बजेटमा ठूलो अपेक्षा गरेको तर यो जिल्लाबाट ३ जना मन्त्री हुँदा पनि बजेट नपरेको बताए । मधेश प्रदेशमै बढी मन्त्री भएको जिल्लाका मन्त्रीहरुले पनि आफ्नो जिल्लामा केही पार्न नसकेको भन्दै कटाक्ष गरे । नेपाली कांग्रेससँग सरकारको साँचो भए पनि बजेटमा कांग्रेसका नेता र मन्त्रीले पनि केही गर्न नसकेको साहको धारणा थियो ।

# धनुषाको चित्रपुरमा दोस्रो आँप मेला हुँदै ४० प्रजातिका आँप र परिकारको प्रदर्शनी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको बटेश्वर गाउँपालिका–१ चित्रपुरमा स्थानीय उत्पादनको प्रवद्र्धन, बजारीकरण र आन्तरिक पर्यटन प्रवद्र्धन गर्ने उद्देश्यले दोस्रो संस्करणको आँप मेला आयोजना गरिने भएको छ । असार १४ र १५ गते दुई दिनसम्म चल्ने यस मेलामा ४० भन्दा बढी जातका आँप तथा त्यसबाट बनेका परिकारको प्रदर्शनी गरिने आयोजक समितिले जनाएको छ । मेलाको संयोजन गरिरहेका फुलगेन मगहीका अनुसार स्थानीयस्तरमा उत्पादन हुने आँपलाई राष्ट्रिय पहिचान दिलाउने र नयाँ पुस्तालाई आँपका विविध जातबारे जानकारी दिने उद्देश्यले मेला आयोजना गरिएको हो । 'स्थानीय किसानले उत्पादन गरेका आँप र त्यसबाट बनेका



जुस, अचारजस्ता परिकार प्रदर्शनीमा राखिनेछ,' उनले भने । मेलाको आकर्षणका रुपमा आगन्तुकलाई निःशुल्क आँप खुवाइनेछ भने बगैँचामा घुमाउने र रुखबाट आँप टिप्ने अनुभव प्रदान गरिने छ । विद्यार्थीलाई आँपका प्रजाति चिनाउने शैक्षिक कार्यक्रम पनि मेलामा समावेश गरिएको छ । चित्रपुर क्षेत्रमा हाल तीन सय बिघाभन्दा बढी क्षेत्रफलमा फैलिएको आँपको बगैँचामा हरेक वर्ष ठूलो मात्रामा उत्पादन हुने गरेको छ । 'बटेश्वर गाउँपालिका पूर्व–पश्चिम राजमार्ग नजिकै रहेकोले पर्यटक र यात्रु आकर्षित गर्ने सम्भावना छ,' आयोजक सदस्य मगहीले बताए । स्थानीय उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा चिनाउन र आन्तरिक पर्यटनलाई प्रोत्साहन गर्न मेला प्रभावकारी हुने विश्वास लिइएको छ । एक तथ्याङ्क अनुसार नेपालभर उत्पादन हुने कुल आँपमध्ये ७७ दशमलव १ प्रतिशत उत्पादन मधेश प्रदेशबाट हुने गरेको छ । यसमा धनुषासहितका जिल्लाको योगदान उल्लेखनीय छ ।

# प्रदेश खेलाडीलाई आर्थिक सहयोग गर्ने मुख्यमन्त्रीको घोषणा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले प्रदेशस्तरीय खेलाडीहरूको हौसला बढाउने उद्देश्यले वार्षिक रूपमा आर्थिक सहयोग प्रदान गरिने घोषणा गरेका छन् ।

बिहीबार जनकपुरधाममा शुरु भएको 'मुख्यमन्त्री अन्तर प्रदेश राष्ट्रिय कबड्डी प्रतियोगिता'को उद्घाटन समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री सिंहले सम्पूर्ण प्रदेश स्तरका खेलाडीहरूलाई नियमित भत्ता वा एकमुष्ट वार्षिक प्रोत्साहन स्वरूप रकम उपलब्ध गराइने जानकारी दिए । 'मधेश प्रदेशका खेलाडीहरूले राष्ट्रिय प्रतियोगितामा उल्लेखनीय सफलता हासिल गर्दै प्रदेशको शान बढाएका छन्,' मुख्यमन्त्री सिंहले भने, 'अब प्रदेश सरकारले खेलाडीहरूको सम्मान र प्रोत्साहनका लागि ठोस कदम चाल्नेछ ।' उनले युवाहरूलाई खेलकुदतर्फ आकर्षित गराउने र उनीहरूको क्षमता विकासमार्फत प्रदेशको प्रतिष्ठा उचो बनाउने सरकारको योजनाबारे पनि जानकारी गराए । मुख्यमन्त्री सिंहले मधेश प्रदेशमा आगामी दिनमा विभिन्न प्रदेशस्तरीय प्रतियोगिताहरू आयोजना गरिने र त्यहाँ अन्य प्रदेशका खेलाडीहरूको सहभागिता सुनिश्चित गरिने बताए । उनले युवा पुस्तालाई खेलकुदलाई करियरको रूपमा रोज्न र प्रदेशको गौरव बढाउन आह्वान गरे । 'मुख्यमन्त्री अन्तर प्रदेश राष्ट्रिय कबड्डी प्रतियोगिता' बिहीबारदेखि जनकपुरधाममा शुरु भएको हो । तीन दिनसम्म चल्ने प्रतियोगिता मधेश प्रदेश सरकारअन्तर्गतको खेलकुद तथा समाज कल्याण मन्त्रालयको आयोजनामा भइरहेको छ । प्रतियोगितामा सातवटै प्रदेशका उत्कृष्ट कबड्डी टोलीहरूले सहभागिता जनाएका छन् ।

# महोत्तरीका १४ स्थानीय तहको बजेट साढे नौ अर्ब

**महोत्तरी ।**
महोत्तरीका स्थानीय तहको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट नौ अर्ब ४२ करोड १७ लाख ९३ हजार रहेको छ । जिल्लाका १५ मध्ये १४ स्थानीय तहले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम सार्वजनिक गरेका छन् ।

जलेश्वर नगरपालिकाबाहेक महोत्तरीका अरू सबै स्थानीय तहले आ–आफ्नो ठाउँको नीति तथा कार्यक्रम र वार्षिक बजेट गाउँ तथा नगरसभाको परिषद्मा प्रस्तुत गरेका छन् । स्थानीय तहका लागि बजेट प्रस्तुत गर्ने कानुनी रुपमा स्वीकृत तालिकाबमोजिम असार १० भित्रै नौ नगरपालिका र पाँच गाउँपालिकाले आ–आफ्नो तहको गाउँ तथा नगरसभाको परिषद् आयोजना गरेका हुन् । सबैभन्दा बढी बर्दिबास नगरपालिकाले एक अर्ब २२ करोड ४० लाख १० हजारको बजेट प्रस्तुत गरेको छ । यसैगरी, गौशाला नगरपालिकाले एक अर्ब १५ लाख ५५ हजारको अनुमानित आयव्ययको बजेट प्रस्तुत गरेको छ । यसैगरी, भङ्गाहा नगरपालिकाले ७१ करोड ९८ लाख ४४ हजार, सम्सी गाउँपालिकाले ६३ करोड ४३ लाख १७ हजार, लोहारपट्टी नगरपालिकाले ५७ करोड ८८ लाख १९ हजार, मनराशिसवा नगरपालिकाले ५६ करोड ७४ लाख ८१ हजार र पिपरा गाउँपालिकाले ५३ करोड ५१ लाख ४७ हजारको अनुमानित आयव्ययको बजेट प्रस्तुत गरेका छन् । यसैगरी, बलवा नगरपालिकाले ५२ करोड ९१ लाख ९४ हजार, सोनमा गाउँपालिकाले ४९ करोड ३८ लाख, रामगोपालपुर नगरपालिकाले ४६ करोड १६ लाख ७६ हजार र औरही नगरपालिकाले ४५ करोड २७ लाख ७७ हजारको बजेट प्रस्तुत गरेका छन् । मटिहानी नगरपालिकाले ४४ करोड ५० लाख, महोत्तरी गाउँपालिकाले ४३ करोड ९४ लाख ७३ हजार र एकडारा गाउँपालिकाले ३३ करोड ८६ लाख ९६ हजारको अनुमानित आयव्ययको बजेट प्रस्तुत गरेका छन् । जलेश्वर नगरपालिकाको नगरसभा परिषद् आयोजना हुन सकेको छैन ।

जिल्लाका स्थानीय तहले बर्षेनि बजेटको आकार बढाउँदै लगे पनि आन्तरिक स्रोत परिचालन, स्थानीय कर बढाउने उपायबारे खासै पहलकदमी लिएको देखिएको छैन । स्थानीय स्रोतसाधनको परिचालनबाट आय हुने भरपर्दो आधार स्थानीय तहले बनाउन नसक्दा बजेट सङ्घीय र प्रादेशिक सरकारले दिने विभिन्न शीर्षकका रकममा निर्भर देखिएका छन् । तीन तहका सरकारमध्ये स्थानीय तह जनतासँग प्रत्यक्ष सम्बन्ध हुने घरआँगनको सरकार भएको हुँदा जनअपेक्षा सङ्कलन र जनचाहनाबमोजिमका योजना सञ्चालनमा यो तहको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ । रासस

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन